का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ पुस २०८२
शनिबार
10 January 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३३१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# नेतृत्वमा गुरुआमा

देशकै पुरानो दरबार हाई स्कुलदेखि धेरै विद्यार्थी पढ्ने काठमाडौंका सामुदायिक विद्यालय महिला प्रधानाध्यापकले हाँकिरहेका छन् ।

● **सपना बोहोरा, जानकी पाठक र अस्मिता बम**/ *मध्यान्ह*



■ **विष्णु घिमिरे रिमाल**
ज्ञानोदय मावि



■ **डा. शर्मिला पोखरेल**
पद्मोदय मावि



■ **करुणा प्रधान**
नेपाल आदर्श मावि



■ **रविना महर्जन**
सरस्वती निकेतन



■ **शारदाकुमारी पौडेल**
दरबार हाई स्कुल



■ **गीता काफ्ले**
नन्दी मावि



■ **डा. जानुका नेपाल**
नीलबाराही मावि



■ **रविना महर्जन**
मनमैजु मावि







**विद्यालय तहमा शिक्षक अनुपात**

| | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा |
|---|---|---|---|---|---|
| महिला | ८४,३८७ | २३,७२७ | ९,४९० | १६०९ | १,१७,६०४ |
| पुरुष | ६९,८४८ | ४१,२३१ | ३९,५३६ | ९,७५७ | १,६०,३७२ |

विस्तृत पृष्ठ २ र ३ मा

वैदेशिक रोजगार विशेष

## 'युएईका लागि पुलिस रिपोर्ट कामदारको चर्को शोषण'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युएई भिसा प्रक्रियामा श्रमिकमाथि परेको आर्थिक भार हटाउन परराष्ट्रमन्त्री बालानन्द शर्माको ध्यानाकर्षण गराएको छ ।

शुक्रबार नवनियुक्त मन्त्री शर्मालाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न संघका अध्यक्ष भुवनसिंह गुरुङको नेतृत्वमा मन्त्रालय गएको प्रतिनिधिमण्डलले उक्त ध्यानाकर्षण गराएको हो ।

मन्त्री शर्मालाई बुझाएको ध्यानाकर्षण पत्रमा संघले जेनजी आन्दोलनपछि रोकिएको युएई भिसा प्रक्रिया नेपाल प्रहरीको असल चालचलन रिपोर्टका आधारमा पुनः सुचारु भएपनि गत डिसेम्बर ४ तारिखपछि नेपाल प्रहरीले जारी गरेको क्युआर कोडसहितको प्रमाणपत्र



(पिपिसी)लाई कन्सुलर विभागबाट प्रमाणीकरण गरेपछि पुनः नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गर्दा रोजगारीका लागि उक्त मुलुक जाने कामदारको ठुलो रकमसहित समयको अनावश्यक बर्बादी भएको पृष्ठ ३ मा

## दुबई उडेका युवक चार महिनापछि दिल्लीमा फेला

**उदयपुर/रासस-** उदयपुरको कटारी नगरपालिका- ६ बगवतीका गंगाबहादुर दर्नाल वैदेशिक रोजगारीका लागि दुबई उडेको चार महिनापछि दिल्लीमा बेवारिसे अवस्थामा फेला परेका छन् । दर्नाललाई वैदेशिक रोजगार उद्धार नेपालले उद्धार गरी हाल काठमाडौं ल्याएर शिक्षण अस्पतालमा उपचार गरिरहेको छ ।

एक भारतीय नागरिकले सामाजिक सञ्जालमा दर्नालको अवस्थाबारे सार्वजनिक गरेपछि उद्धार नेपालले तत्काल उद्धार गरी नेपाल ल्याएर उपचार गरिरहेको उद्धार पृष्ठ ३ मा

# विशेष महाधिवेशन पक्का

विशेष महाधिवेशनको पक्षमा कोशी प्रदेशबाट ४ सय ६९, मधेश प्रदेशबाट ४ सय १९, बागमती ४ सय ९१, गण्डकी २ सय ५९, लुम्बिनी ३ सय ८५, सुदूरपश्चिम १ सय ४०, कर्णाली १ सय ३७ र शुभेच्छुक, भ्रातृ तथा विदेश सम्पर्क समितिबाट १ सय ८७ गरी २ हजार ४ सय ८८ जना महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।



विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका ५४ प्रतिशतमध्ये २४ जनाले नाम फिर्ता लिनुभएको छ भने करिब ५ सय जना महाधिवेशन प्रतिनिधि थपिनेक्रममा हुनुहुन्छ ।

■ **विश्वप्रकाश शर्मा**
**महामन्त्री**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ पुस

नेपाली कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागबमोजिम महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा हुन लागेको विशेष महाधिवेशनको माहोल बलियो बन्दै गएको छ । पार्टीको आधिकारिक निर्णयले विशेष महाधिवेशनको औचित्य समाप्त भएको निष्कर्षसहित प्रतिनिधिलाई सहभागी नहुन ह्वीप जारी गरे पनि त्यसको उल्लेख्य प्रभाव देखिएन ।

केही दिनअघिसम्म विशेष महाधिवेशनभन्दा समयमै नियमित महाधिवेशनको पक्षमा उभिएका धेरै नेताहरू नियमित महाधिवेशन सारिएसँगै विशेषकै भेलामा मिसिएका छन् । शुक्रबार संस्थापनइतर समूहका नेताहरू डा. चन्द्र भण्डारी र डा. सुनिल शर्माले विशेष महाधिवेशनस्थलको अवलोकन



गरेर विशेषकै पक्षमा उभिएको सन्देश दिएका छन् । सोही क्रममा महामन्त्री विश्वप्रकाश शर्माले आफूहरूले पार्टीको विधानअनुसार नै विशेष महाधिवेशन आह्वान गरेको बताउँदै थप ५ सय प्रतिनिधि बढ्ने दाबी गरे । 'विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका ५४ प्रतिशतमध्ये २४ पृष्ठ ३ मा

मध्यान्ह
www.madhyanhadaily.com

२६ पुस २०८२ शनिबार
10 January 2026 Saturday

कभर स्टोरी

# ठूला विद्यालय हाँकिरहेका गुरुआमा



देशकै पहिलो विद्यालय दरबार हाइस्कुलले स्थापनाको १ सय ७२ वर्षपछि पहिलोपटक महिला प्रधानाध्यापक पाएको छ । हाल भानु माध्यमिक विद्यालयका रूपमा रहेको दरबार हाइस्कुल १९१० सालमा सञ्चालन भएको थियो । नेपालको शैक्षिक इतिहास बोकेको यस विद्यालयमा ४ मंसिरमा शारदाकुमारी पौडेल प्राधानाध्यापक नियुक्त भइन् । उनी सोही विद्यालयमा १३ वर्षदेखि कार्यवाहक प्रधानाध्यापक थिइन् ।

संयोग, मुलुकले इतिहासमै पहिलोपटक महिला प्रधानमन्त्री पाएका बेला काठमाडौंका आधा दर्जन धेरै ठुला सामुदायिक विद्यालयको नेतृत्वमा पनि महिला नै छन् । १ हजार ९५ विद्यार्थी अध्ययरत सबैभन्दा पुरानो दरबार हाइस्कुल मात्र होइन, ४ हजार ७ सयभन्दा धेरै विद्यार्थी अध्ययनरत ज्ञानोदय माविको नेतृत्वमा पनि महिला छन् । विष्णु घिमिरे रिमाल दुई वर्षअघि ज्ञानोदयको प्रधानाध्यापक भएकी हुन् । त्यस्तै, ४ सय बढी विद्यार्थी शान्ति निकेतनमा रविना महर्जन प्रधानाध्यापक छिन् भने १ हजार धेरै विद्यार्थी अध्ययनरत निलबराही माविको नेतृत्वमा डा. जानुका नेपाल छिन् ।

दरबार हाइस्कुललाई महिला प्रधानाध्यापक पाउन किन यति धेरै समय लाग्यो ? प्रधानाध्यापक पौडेल भन्छिन्, 'महिलालाई विश्वासै गरिँदैन । महिलाले सक्दैनन् भन्ने प्रवृत्ति रहेसम्म कहाँबाट आउँछ नेतृत्वको कन्फिडेन्ट ?'

पुरुषका तुलनामा महिलाले प्रत्येक पाइलामा आफूलाई सक्षम साबित गर्नुपर्ने उनको अनुभव छ । पहिले सामाजिक संरचनाले महिलालाई पारिवारिक कार्यहरूमा सीमित राख्यो । सोही कारण महिलाले पेसागत दक्षतामा पर्याप्त समय दिन नसक्ने अवस्था बनेको उल्लेख गर्दै पौडेल भन्छिन्, 'तिनै कारणले अरू क्षेत्रहरूमा जस्तै दरबार हाइस्कुलमा पनि महिलालाई नेतृत्व तहमा पुग्न धेरै समय लाग्यो ।'

झट्ट हेर्दा सरल देखिए पनि महिला शिक्षकलाई नेतृत्वमा पुग्न सहज भने छैन । सरकारले प्राधानाध्यापकका रूपमा नियुक्ति दिएर पठाउँदासमेत नेतृत्व नदिइएका उदाहरण छन् । पद्मोदय माध्यमिक विद्यालयकी प्राधानाध्यापक डा. शर्मिला पोखेलसँग कानुनी लडाइँ लडेर नेतृत्वमा पुगेको तितो अनुभव छ । 'महिलालाई नेतृत्व सहजै दिँदैनन् । मैले चार वर्ष कानुनी मुद्दा लडेर जिम्मेवारी पाएको हुँ,' उनले भनिन्, 'एउटा शिक्षिकाका रूपमा पढाउँदासम्म ठिकै थियो तर प्राधानाध्यापक भएर त्यही विद्यालयमा पढाउन थालेपछि अनेक बाधा अवरोध आउन थाले ।' पितृसत्तात्मक सोचले अझै पनि जरा गाडेको उनी बताउँछिन् ।

पद्मोदय माविमा १ हजार बढी विद्यार्थी अध्ययनरत छन् । पोखरेलले उनीहरूलाई पढाउने ८० धेरै शिक्षक र कर्मचारीसहित विद्यालयको नेतृत्व हाँकिरहेकी छन् । कानुनी लडाइँ लडेर पाएको जिम्मेवारी निभाउन उनी सदैव सचेत छिन् । विद्यालयको उत्कृष्ट व्यवस्थापनदेखि विद्यार्थीको सिकाइ योजना बनाउनैमा उनका दिन बितेका छन् ।

केही दशकअघिसम्म विद्यालय नगण्य मात्र शिक्षिका देखिन्थे । तर अहिले प्रि-स्कुलदेखि प्राथमिक तहसम्म शिक्षिकाकै बाहुल्यता छ । माध्यमिक तहमा पनि महिला शिक्षकको संख्या बढ्दै गएको छ । शिक्षक हुनुजति सजिलो भने प्रधानाध्यापक हुनुमा देखिँदैन । नियुक्ति पाउँदासमेत जिम्मेवारी सम्हाल्न नदिने र नेतृत्व हस्तान्तरण नगर्ने प्रवृत्तिबाट महिला प्रधानाध्यापक भुक्तभोगी छन् । शिक्षिकाबाट प्रधानाध्यापक हुँदै शिक्षकहरूको छाता संगठन नेपाल शिक्षक महासंघको समेत नेतृत्वमा पुगेकी कमला तुलाधर भन्छिन्, 'संघर्ष गरेरै नेतृत्वमा पुगे पनि महिलाले गर्व गर्नलायक काम गरेका छन् । महिलाले सम्हालेका विद्यालय उत्कृष्ट भएका छन् ।'

प्राथमिक तहको तुलनामा माध्यमिक तहमा महिला शिक्षकको अनुपात तुलनात्मक रूपमा थोरै छ । आधारभूत तह (कक्षा १-५) मा कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात शैक्षिक सत्र २०७९ मा ४७ दशमलव २ प्रतिशत रहेकामा शैक्षिक सत्र २०८० मा ५४ दशमलव १ प्रतिशत पुगेको छ ।

संविधानले नै राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरेकाले पनि विद्यालय तहमा महिला शिक्षकको संख्या वृद्धि भएको शिक्षाविद् डा. विद्यानाथ कोइराला बताउँछन् । शिक्षण महिलाका लागि आकर्षक रोजगारी मानिन्छ । शिक्षा संकायमा महिलाको बढी रुचि देखिनुले पनि त्यसको पुष्टि हुन्छ । विद्यालयमा शिक्षिकाहरूको संख्या बढ्नुको एउटा कारण त्यसैलाई मान्छन्, कोइराला । 'पुरुषहरू वैदेशिक तथा अन्य बढी आय आर्जन गर्ने रोजगारीतर्फ लाग्न थालेपछि पुरुष शिक्षकको संख्या घट्दै गयो,' उनी भन्छन्, 'यसो भनिरहँदा कम आर्जन शिक्षामा हुन्छ भन्न खोजिएको होइन ।'

शिक्षा सेवा आयोगका अनुसार, शिक्षा नियमावलीले प्राथमिक तहमा तीन शिक्षक दरबन्दी भएकोमा एक महिला अनिवार्य गरेको छ । त्यस्तै, सात शिक्षक दरबन्दी भएकोमा दुई महिला र सातभन्दा बढी दरबन्दी भएमा तीन महिला शिक्षक अनिवार्य राख्नैपर्ने व्यवस्थाले पनि महिला शिक्षकको संख्या क्रमशः वृद्धि हुँदै गएको हो । सोही कारण १५ देखि २८ वर्षका महिलाको रोजगारीको पहिलो रोजाइ शिक्षण पेसा बनेको छ ।

सुरुका दिनमा महिला शिक्षक विद्यालयमा पाउनै मुस्किल रहेको अवस्थामा कोटा प्रणालीले प्रोत्साहित भएर महिला शिक्षिकाहरूको संख्या ह्वात्तै बढ्दै गएको देखिन्छ । शिक्षण पेसामा महिलाको उल्लेखनीय सहभागिता भए पनि विद्यालय नेतृत्वमा उनीहरूको उपस्थिति अझै सीमित देखिएको छ । सामुदायिक तथा संस्थागत विद्यालयमा प्रधानाध्यापक पदमा पुरुषको वर्चस्व कायमै रहँदा महिला प्रधानाध्यापक अपवादजस्तै बनेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि विकास मन्त्रालय तथा शिक्षा विकास तथा समन्वय इकाइको तथ्यांकअनुसार आधारभूत र माध्यमिक तहमा कार्यरत शिक्षकमध्ये ठुलो हिस्सा महिला भए पनि प्रधानाध्यापक पदमा पुग्ने महिलाको संख्या तुलनात्मक रूपमा निकै कम छ । विशेषगरी माध्यमिक तहका विद्यालयमा महिला प्रधानाध्यापकको उपस्थिति झन् न्यून देखिन्छ । यहीबेला काठमाडौंका धेरै विद्यार्थी अध्ययनरत सामुदायिक विद्यालयको नेतृत्वमा देखिनेगरी महिला पुगेका छन् । 'महिला शिक्षकले विद्यार्थीलाई राम्ररी बुझाउन सक्छन्,' शिक्षाविद् कोइराला भन्छन्, 'महिलाले नेतृत्व गरेका विद्यालय तुलनात्मक रूपमा राम्रा पनि छन् । त्यसका पछाडि महिला शिक्षक/प्राध्यानाध्यापकको मिहेनत, इमानदारिता र उदारता मुख्य कारण हुन सक्छ ।'

बालविकास विशेषज्ञ डा. मिनाक्षी दाहाल विद्यालयमा विद्यार्थीलाई महिला शिक्षकले राम्रो हेरचाह गर्छन् भन्ने आमविश्वास बन्दै गएको बताउँछन् । सोही कारण सामुदायिक र निजी विद्यालयमा महिला शिक्षकको माग बढेको उल्लेख गर्दै उनी भन्छिन्, ' विद्यालयमा ससाना बालबालिकालाई हेरचाह धेरै चाहिन्छ । त्यो महिलाले नै सक्छन् भन्ने विश्वास छ । सोही कारण तल्लो तहको विद्यालयमा महिला शिक्षक अनिवार्यजस्तै भएको छ ।' साना बालबालिकालाई महिलाले मात्र पढाउनुपर्छ भन्ने मान्यता विभेदजस्तो बन्न भने नहुने दाहाल बताउँछिन् ।

महिला प्रधानाध्यापक बढ्नुको कारण विद्यालयमा शिक्षिकाको संख्या बढ्नु रहेको बताउँछन्, शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी । 'विद्यालयहरूमा शिक्षिकाको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ,' उनले भने 'त्यसकारण पनि महिला प्रधानध्यापक भएर आउनु स्वाभाविक नै हो ।'

महिलाहरू कोटा तथा खुला दुवैबाट प्रतिस्पर्धा गर्न सक्ने भएकाले शिक्षण पेसामा प्रवेशको अवसर फराकिलो बनेको उनी बताउँछन् । यसको धेरै सकारात्मक प्रभाव देखिएको अध्यक्ष सुवेदी स्विकार्छन् । शिक्षिका तथा महिला प्राधानाध्यापकहरूले सञ्चालन गरेको विद्यालयहरूमा एकदमै पारदर्शिता, नतिजामा सुधार देखिएको उल्लेख गर्दै भन्छन्,' महिला प्राधानाध्यापक रहेका विद्यालयमा सुधार देखिएपछि नेतृत्वमा रोकतोक घटेको देखिन्छ ।'

शिक्षा तथा मानव विकास स्रोत केन्द्रका अनुसार, नेपालमा कक्षा एक देखि कक्षा पाँचसम्म पढाउनेमा पुरुषभन्दा महिला धेरै छन् । सो तहमा महिला शिक्षकको संख्या ८४ हजार ३ सय ८७ रहेकामा पुरुष शिक्षक ६९ हजार ८ सय ४८ छन् । माथिल्ला कक्षामा भने महिला शिक्षकको संख्या घट्दै गएको छ । कक्षा ६ देखि आठसम्म महिलाभन्दा पुरुष झन्डै दोब्बर धेरै छन् । ती कक्षा पढाउने महिला शिक्षक २३ हजार ७ सय २७ रहेकामा पुरुष शिक्षकको संख्या ४१ हजार २ सय ३१ रहेको छ । त्यस्तै, कक्षा ९ र १० मा पुरुष शिक्षक ९ हजार ४ सय ९० रहेकामा महिला संख्या ३९ हजार ५ सय ३६ रहेको छ । ११ र १२ पढाउने शिक्षकमा भने महिला संख्या निकै कम छ । सो तहमा १ हजार ६ सय ९ महिला र ९ हजार ७ सय ५७ पुरुष शिक्षकले अध्यापन गरिरहेका छन् । सामुदायिक र निजी विद्यालयको समग्रमा महिला शिक्षकको संख्या १ लाख १७ हजार ६ सय ४ छ भने पुरुष शिक्षक १ लाख ६० लाख ३ सय ७२ जना रहेको केन्द्रले जनाएको छ ।

## नीलवाराहीलाई नमुना बनाएकी जानुका



महिलाको नेतृत्व सहजै स्वीकार गर्न नसक्ने समाजले डा. जानुका नेपाललाई पनि सजिलै स्वीकार गरेको भने होइन । विद्यालयमा 'हेड सर' भनेर खोज्दा पुरुषकै उपस्थितिको अपेक्षा गरिने समाजमा उनलाई पनि 'म नै हुँ हेड सर' भनेर मानिसलाई बुझाउन र चिनाउन समय लाग्यो ।

उनी काठमाडौं नीलवाराही माध्यमिक विद्यालयमा प्रधानाध्यापक छिन् । नेतृत्व लिनेबेला कतिपयले महिलाको नेतृत्व कस्तो होला भनेर प्रश्न पनि गरेका थिए । त्यो प्रश्नको जवाफ आफूले बोलेर होइन, काम गरेर दिएको नेपाल बताउँछिन् । उनले पढाउन सुरु गर्दा १ सय विद्यार्थी रहेको विद्यालयमा अहिले हजार धेरै पुगेका छन् ।

कमजोर नतिजा ल्याउने र थोरै विद्यार्थी संख्या रहेको विद्यालय मर्ज हुने अवस्थामा थियो । तर अहिले यो नमुना विद्यालय बनेको छ । सुरुमा जिल्ला शिक्षा कार्यालयका अधिकारीहरू उनले नेतृत्व गर्न सक्दिनन् कि भनेर हच्किएका थिए । विद्यालयकै अरू कर्मचारीहरूले नेतृत्व गर्न सक्नुहुन्छ भनेपछि मात्र २०६२ सालमा उनी प्रधानाध्यापक नियुक्त भएकी थिइन् ।

सुरुमा उनले विद्यार्थी, अभिभावक र शिक्षकसँग मिलेर आफ्नो विद्यालय आफैं राम्रो बनाउने अभियान चलाइन् । त्यसको प्रभाव दोस्रो वर्ष नै देखियो । फलस्वरूप २ सय विद्यार्थी थपिए । वर्षैपिच्छे विद्यार्थी थपिँदै अहिले १ हजार धेरै विद्यार्थी पुगिसकेका छन् । प्रधानाध्यापक नेपालले विद्यालय सुधार गर्ने संकल्प नै लिएकी थिइन् । त्यसका लागि योजना बनाइन् । समय व्यवस्थापन गरिन् । सबैभन्दा धेरै विद्यार्थीसँग नजिकिइन् र परिचालन गरिन् । नेपालले विद्यालयको शिक्षक मात्र होइन, विद्यार्थी र अभिभावकबीच पनि पुलको काम गरिन् । सबैलाई विद्यालय जोडेर राख्ने क्रममा उनले विभिन्न कार्यक्रम बनाइन् । महिनैपिच्छे अभिभावक भेला गर्ने नियम बनाइन् ।

कमजोर विद्यार्थीलाई स्कुल अगाडि र पछाडि जुनसुकै समयमा पनि सिक्ने वातावरण निर्माण गरेर अभिभावकलाई 'मेरो बच्चा कमजोर छैन' भन्ने तहमा पुऱ्याइन् । नियुक्ति पाएको केही वर्षमै आफूले नेतृत्व गरेको विद्यालयलाई निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सक्ने बनाएको उनी बताउँछिन् ।

महिलाले एउटा मात्र जिम्मेवारी पूरा गरेर हुँदैन । परिवार र पेसा सँगै बोकेर हिँड्दा नेतृत्व व्यवस्थापन गर्न सक्दैनन् कि भन्ने सधैं प्रश्न उठ्छ । तर प्रधानाध्यापक नेपाल महिलाले जिम्मेवारी पाए अझै राम्रोसँग पूरा गर्ने बताउँछिन् । 'एक त महिलालाई नेतृत्वमा आउनै चुनौती छ, नेतृत्व पाइहाले पनि योग्यतामाथि प्रश्न उठाउने, असहयोग गर्ने प्रवृत्ति छ,' उनी भन्छिन्, 'तर ठाउँ पाएको खण्डमा पुरुषभन्दा महिलाको नेतृत्व सफल भएका छन्, हामीले गरेका छौं ।' उनी प्रधानाध्यापक भएको लगभग दुई दशक नाघिसक्यो । यसबीचमा उनले थुप्रै प्रश्न सामना गर्नुपऱ्यो । परम्परागत सोच र पुरुषप्रधान समाजले महिलामाथि सधैं प्रहार गर्ने प्रवित्तिले उनलाई पनि छोडेन । राज्यले महिलालाई प्राथमिकतामा राखेको छ तर व्यवहारमा भने लागू नगरेको उनको बुझाइ छ । २०१० सालमा स्थापना भएको विद्यालय २०६१ मा मर्ज हुने अवस्थामा थियो । २०६२ सालमा नेतृत्वमा आएकी प्रधानाध्यापक नेपालले २० वर्षमै नीलवाराही माध्यमिक विद्यालयलाई नमुना विद्यालय बनाएकी छन् ।

## धेरै विद्यार्थी पढ्ने ज्ञानोदय हाँकिरहेकी विष्णु

ज्ञानोदय माध्यमिक विद्यालय, जहाँ निजी विद्यालय छोडेर आउने विद्यार्थीकै ठुलो चाप छ । विद्यार्थी संख्या मात्र होइन, गुणस्तरमा पनि ज्ञानोदय उत्तिकै अब्बल छ । प्रधानाध्यापक विष्णु घिमिरे रिमालले महिलाले नेतृत्व गरेको विद्यालय कस्तो हुन्छ ? भन्ने दरिलो जवाफ दिएकी छन् ।



काठमाडौंको बाफलमा २०२० सालमा स्थापना भएको स्कुलमा उनी २०७२ सालपछि जोडिएकी हुन् । सुरुमा सहायक प्रधानाध्यापक भएर काम गरेकी उनी २०८० सालदेखि प्रधानाध्यापक छिन् । ४ हजार ७ सयभन्दा धेरै विद्यार्थी भएको उक्त विद्यालय देशकै उत्कृष्ट सामुदायिक विद्यालयमा पर्छ । २०५२ सालको एसएलसीमा ९० प्रतिशत विद्यार्थी पास भएपछि स्कुलको प्रोफाइल फेरिएको थियो । निरन्तर राम्रो नतिजा ल्याएर देशकै उत्कृष्ट विद्यालय बनेको ज्ञानोदय धेरै विद्यार्थी र अभिभावकको रोजाइमा पर्दै आएको छ । यस्तो स्कुलको विरासत जोगाउने जिम्मा प्रधानाध्यापक घिमिरेको काँधमा छ ।

आफू महिला भएकै कारण नेतृत्वमा आउन आफूलाई कुनै अप्ठेरो वा विभेद नभएको उनी बताउँछिन् । महिला भएकै कारण कुनै चुनौती नभए पनि विद्यालयको गरिमा जोगाउनु उनीमाथि चुनौती छ । विद्यालयमा विद्यार्थी संख्याका आधारमा पर्याप्त भौतिक संरचना छैन । बुक फ्री फ्राइडे र शिक्षामा सिप कार्यक्रमका लागि कक्षाकोठा व्यवस्थापन गर्न गाह्रो छ । सरकारी तलब मात्र होइन, विद्यालयको आन्तरिक स्रोतबाट समेत शिक्षक राखिएको छ । निःशुल्क शिक्षाको नारा लागिरहेको समयमा विद्यालयको सबैको खर्च-व्यवस्थापन गर्न सहज छैन ।

आफूले काम गर्ने संस्थामा उनलाई दिदी, आमाजस्तो व्यवहार गर्ने बताउँछिन् । 'काममा सबैको साथ छ । टिममा मिलेर काम गर्दा नेतृत्व पनि सफल हुन्छ भन्ने लाग्छ,' उनले भनिन् ।

त्यसो त उनी प्रधानाध्यापक नहुँदै विद्यालयले एउटा स्थान हासिल गरिसकेको थियो । अब त्यो स्थान जोगाउनु नै आफ्नो चुनौती ठान्छिन् उनी । 'आएका सबै विद्यार्थीलाई भर्ना गर्न सक्ने स्थिति छैन । विद्यार्थी संख्याका आधारमा भौतिक संरचनाको अभाव छ,' प्रधानाध्यापक रिमाल भन्छिन्, ' त्यो अभावलाई व्यवस्थापन गरेर अझै धेरै विद्यार्थीलाई समेट्ने प्रयास भइरहेको छ ।'

उनले अबको १० वर्षमा ज्ञानोदयलाई प्रत्येक कक्षाकोठा आइसिटीमैत्री बनाउने सपना देखेकी छन् । बालमैत्री कक्षाकोठासहित भौतिक सुविधाले सम्पन्न भवनको पनि कल्पना गरेकी छन् । विद्यालयको आँगनमा विद्यार्थी खेलिरहेको दृश्य, हरियाली, शान्त वातावरण उनले कल्पना गरेको ज्ञानोदय हो । उनले आफ्नो यो सपना पूरा गर्न काठमाडौं महानगरले पनि सहयोग गरोस् भन्ने चाहना राखेकी छन् । ज्ञानोदयमा पढ्ने विद्यार्थी र पढाउने शिक्षक भन्नेबित्तिकै ओहो ज्ञानोदयमा भन्ने होस् भन्ने उनको चाहना छ । त्यसका लागि उनी आफैं पनि सकेसम्म खटिएकी छन् ।

## उदीयमान प्रधानाध्यापक रबिना



सात वर्षअघि मनमैजु माविको प्रधानाध्यापक नियुक्त हुँदा रबिना महर्जनलाई धेरै सहकर्मी र अभिभावकले पनि पत्याएका थिएनन् । उनले महसुस गर्ने गरेर नै महिलाले स्कुल चलाउन सक्दैनन् भन्नेहरू थुप्रै थिए । तर अहिले उनले शिक्षक, विद्यार्थी र अभिभावकलाई कामैले सन्तुष्ट पारेकी छन् । 'पहिले महिलाले विद्यालय चलाउन सक्दैनन् भन्ने मानसिकता थियो । मैले काम गरेरै सक्छन् भन्ने देखाएँ,' उनी भन्छिन् । २०७६ सालमा मावि तह शिक्षकका लागि आयोगको परीक्षा पास गरेपछि मनमैजु माविमा नियुक्त भएकी थिइन् । २०७४ सालमा शिक्षक सेवा आयोग पास गरेर च्वादी पब्लिक माध्यमिक विद्यालय, नुवाकोटमा नियुक्त भएकी थिइन् । नियुक्ति लिएको एक वर्षमै मनमैजुमा प्रधानाध्यापक भएर फर्किइन् । रबिना अहिले बालबालिकाको सिकाइमा नयाँनयाँ अभ्यास गरेर सिकाइ सुधारमा लागेकी छन् । कोभिड कालमा गरेको कामले उनलाई 'इमर्जिङ हेड टिचर' भनेर ज्यापु सरस्वती पदक दिलायो ।

नेतृत्व लिने क्रममा अनेक चुनौती आए पनि त्यसको सामना गर्दै जानुपर्ने उनी बताउँछिन् । उनी प्रधानाध्यापक नियूक्ति भएलगत्तै कोरोना महामारी फैलियो । त्यो समयमा उनलाई विद्यार्थीलाई कसरी पढाउने भन्ने चिन्ता थियो । लगत्तै बालबालिकाको सिकाइमा नयाँनयाँ अभ्यास गरेर सिकाइ निरन्तर दिइन् । पहुँच भएकाहरूका लागि अनलाइनमा पढाइ भयो । नभएकाहरूसँग शिक्षकहरूलाई कक्षाको तालिका बनाएर रोल नम्बरअनुसार भौतिक दूरी कायम राखेर विद्यालयमै कक्षा सञ्चालन गर्ने व्यवस्था गरिन् । 'कठिन परिस्थितिमा जे गरियो, त्यसमा खुसी लाग्छ,' उनले भनिन् ।

सार्वजनिक शिक्षा सुधारमा योगदान गरेको भन्दै महर्जनलाई इन्टेग्रिटी आइकनमा समेत छनोट भएर सम्मानसमेत पाएकी थिइन् । १ हजार २ जना विद्यार्थी रहेको विद्यालयमा उनले शैक्षिक गुणस्तरसँगै अतिरिक्त क्रियाकलाप र व्यवस्थापनमा विशेष योगदान छ ।

कभर स्टोरी

# असमानताको पर्खाल तोड्ने प्रधानाध्यापक



काठमाडौंको नक्सालस्थित नन्दी माध्यमिक विद्यालयमा प्रधानाध्यापक छान्ने विषयमा २०७१ सालमा दुई पक्षबीच चर्काचर्की नै भयो। एक पक्ष थियो 'महिलाको नेतृत्व चाहिँदैन' भन्ने र अर्को 'क्षमता र योग्यता भएको महिलालाई किन नेतृत्व नदिने भन्ने।

यो विवादले एकातर्फ विद्यायको पठनपाठनमा अवरोध सिर्जना गरिरहेको थियो भने अर्कोतर्फ महिला भएकै कारण नेतृत्व गर्न नदिनु लैंगिक असमानताको पराकाष्ठा नै थियो। आफू प्रध्यानाध्यापक हुन योग्य हुँदाहुँदै पद दिन नमानिएको भन्दै उनी विद्यालय प्रशासनविरुद्ध उजुरी लिएर अख्तियारसमेत पुगिन्। प्रधानाध्यापक को बन्ने ? भन्ने लफडाले शिक्षकहरूको तलबसमेत रोकियो। ६/७ महिनापछि बल्ल जिल्ला शिक्षा कार्यालयले पत्र दियो र नन्दी माविको पहिलो प्रधानाध्यापकमा नियुक्त भइन्, गीता काफ्ले।

३१ वर्षदेखि शिक्षण पेसामा आबद्ध काफ्लेले प्रधानाध्यापकको जिम्मेवारी सम्हालेको १० वर्ष भइसकेको छ। स्पष्ट वक्ता र निडर भएकै कारण आफ्नो हक र अधिकार प्राप्तिका लागि लडेकी काफ्लेका लागि शिक्षण सानैदेखिको सपना हो। बाल्यकालमै कसैले 'ठुलो भएपछि के बन्छ्यौ गीता ?' भनेर सोध्दा जहिल्यै उनको एउटै जवाफ हुन्थ्यो, 'टिचर'।

दोलखामा जन्मिएकी काफ्ले २०४६ सालमा एसएलसी पास गरेपछि अध्ययनका लागि काठमाडौं आएकी थिइन्। यहाँ उनले कक्षा १२ सम्म पढिन् र पुनः गाउँ फर्किइन्। २०५० सालतिर दोलखाकै अमर माविमा अंग्रेजी शिक्षकका रूपमा उनले आफ्नो रहरलाई पेसाका रूपमा अगाडि बढाइन्। त्यतिबेला पनि उनी सो माविको पहिलो महिला शिक्षक थिइन्। शिक्षणसँगै उनले त्यही बसेर स्नातक पनि गरिन् र स्नातकोत्तर पनि। २०५२ सालमा लोकसेवा आयोगको परीक्षाको नतिजा आठ वर्षपछि आउँदा उनले अंग्रेजी शिक्षकमा नाम निकालिन् र शिक्षण पेसालाई स्थायी बनाइन्। त्यसपछि उनले त्यहाँ तीन वर्ष काम गरिन् र अमर माविको १३ वर्षे यात्रालाई बिट मार्दै २०६३ सालमा नन्दी माविमा सरुवा भएर काठमाडौं आएकी हुन्। २००४ सालमा स्थापना भएको नन्दी माविमा उनले शिक्षकका रूपमा नौ वर्ष काम गरिन्। नौ वर्षपछि विभिन्न चुनौतीको सामना गरी आफू प्रधानाध्यापक बनेको काफ्ले बताउँछिन्। 'प्रधानाध्यापक महिला हुन्न भन्न थाले। आफ्नै मान्छे राख्न चलखेल पनि भयो। योग्यताको हिसाबले हुनुपर्ने म थिएँ। त्यसैले पछि नहटेर मुद्दा जितेर आएँ,' उनले भनिन्।

प्रधानाध्यापक बन्दाको रिसराग भने अहिले विद्यालयमा नभएको उनले अनुभूति गरेकी छन्। हिजो आफूलाई नेतृत्वमा देख्न नचाहने सहकर्मीसमेत अहिले विद्यालयको परिवर्तन देखेर खुसी छन्। भूकम्पबाट ध्वस्त भएको विद्यालयलाई उनकै नेतृत्वमा पुनः खडा गरेर राम्रो पढाइ हुने विद्यालयमा दर्ज गराएकी छन्। कोरोनाकालमा उपत्यकाका अधिकांश विद्यालयमा पठनपाठन बन्द हुँदासमेत उनको विद्यालयले अनलाइनमार्फत कक्षा सञ्चालन गरेको थियो। असमानताको खाडल चिरेर प्रधानाध्यापक बनेकी उनी भन्छिन्, 'महिलाले आफ्नो अधिकार प्रयोग गर्नुपर्छ। अवसर पाउँदा उत्कृष्ट काम गरेर महिलालाई अघि बढेको देख्न नचाहनेहरूलाई जवाफ दिनुपर्छ।'

# आदर्श माविले ७१ वर्षपछि पाएको करुणा

२००७ सालमा न्युरोडको गणबहालमा खुलेको नेपाल आदर्श माध्यमिक विद्यालयले सात दशकपछि बल्ल महिला प्रधानाध्यापक पायो। चार वर्षअघि प्रधानाध्यापकका रूपमा विद्यालय छिरेकी करुणा प्रधान अहिले त्यही पुरानो विद्यालयलाई उत्कृष्ट बनाउने साधनामा छिन्। काठमाडौंको क्षेत्रपाटीकी बासिन्दा हुन्, प्रधान। उनले शिक्षण गरेकै २४ वर्ष बितिसक्यो। उनको शिक्षण सपना भने खेलौनासँग खेल्ने उमेर देखिकै हो। बाल्यकालमा उनका विद्यार्थी गुडिया हुन्थे। बन्द कोठामा अगाडि भएभरिका खेलौना राखेर तिनै गुडियालाई पढाउँथिन् क, ख, ग।'

पढाउँदा पढाउँदै हल्ला गरेकोभन्दै लठ्ठीले कुनै एक गुडियालाई मानिसलाई झैं पिट्न थाल्थिन्। त्यसबखतको उनको लठ्ठी थियो पेन्सिल। मुस्कुराउँदै बाल्यकाल सम्झिएकी प्रधान भन्छिन्, 'त्यसरी गुडियाहरू राखेर पढाउँथे तर प्यासन नै त्यहीँ रहेछ भन्ने अहिले बुझ्दै छु।'

त्यही सपनालाई पछ्याउँदै कक्षा १० बाटै ट्युसन पढाउँदै शिक्षण यात्रा सुरु गरेकी करुणा आज एउटा कुशल प्रधानाध्यापक बनेकी छन्। उनले लामो समय ट्युसन पढाइन्। शिक्षण उनको इच्छा मात्र थिएन, आर्थिक रूपमा पनि सबल बनाउने माध्यम पनि थियो। ट्युसनपछि उनी निजी विद्यालयतर्फ मोडिइन्। त्यहाँ उनले आठ वर्ष काम गरिन्। पछि शिक्षा सेवा आयोग पास गरेर नेपाल आदर्श माविको शिक्षक बनिन्। १६ वर्षअघि सामान्य शिक्षकका रूपमा प्रवेश गरेकी प्रधान अहिले प्रधानाध्यापक भएकोमा



गर्व गर्छिन्। उनको खुबी, व्यवहार, आँट र कौशलले उनलाई एउटा पुरानो विद्यालयको प्रधानाध्यापक बनाएको छ। लामो समय एउटै शैलीमा चलेको विद्यालयलाई अगाडि बढाउन नयाँ व्यक्तिका रूपमा व्यवस्थापनले आफूलाई छनोट गरेको उनी बताउँछिन्। 'प्रधानाध्यापक चयनको कुरा चलिराखेको थियो। सबैको सहमतिमा मलाई नियुक्त गरियो,' प्रधान भन्छिन्।

महिला प्रधानाध्यापक हुँदा सहकर्मीहरूसँग बढी सकारात्मक र सहकार्य भएको प्रतिक्रिया पाएको उनी बताउँछिन्। यसले महिला पनि राम्रो नेतृत्व गर्न सक्छ भन्ने हौसला पाएको उल्लेख गर्दै उनी भन्छिन्, 'विद्यालय सुधार एउटा टिम वर्क हो। सबैको साथ सहयोगमा मैले मिहेनत गरिरहेको छु। नतिजा आउन पक्कै समय लाग्छ।' उनी नेतृत्वमा आउँदा सो विद्यालयमा ४ सय ५५ विद्यार्थी रहेकामा अहिले उल्लेख्य वृद्धि भएको छ।

# सक्षमताले शिखरमा पुगेकी शारदा

झट्ट हेर्दा महिला र पुरुष जैविक रूपमा मात्रै फरक हुन भन्ने लाग्छ। तर लामो समयदेखि गढेर रहेको पितृसत्तात्मक समाजमा महिलाले पुरुषजस्तै सहज ढंगले सफलताको उडान भर्न सकिरहेका हुँदैनन्। नेपालको पहिलो विद्यालय दरबार हाइस्कुल (भानु माध्यमिक विद्यालय) हो। यसको पहिलो महिला प्रधानाध्यापक हुन्- शारदाकुमारी पौडेल। पुरुषको तुलनामा महिलाहरूले प्रत्येक कदममा सक्षम छु भनेर साबित गर्नुपर्ने उनको आफ्नै अनुभव छ।

शारदा शिक्षण पेसामा लागेको २३ वर्ष भयो। १३ वर्षसम्म दरबार हाइस्कुलमा पढाइरहँदा पहिलोपटक महिला प्रधानाध्यापकका रूपमा नियुक्त भएकी थिइन्। १९१० सालमा स्थापना भएको विद्यालयमा २०८२ साल मंसिर ४ गते शारदाकुमारी पौडेलले दरबार हाइस्कुलको प्रधानाध्यापक नियुक्त भएकी हुन्।

उनले त्यस विद्यालयमा १३ वर्ष कार्यवाहक प्रधानाध्यापकका रूपमा काम गरिन्। उनको नियुक्ति तीन प्रतिस्पर्धीबीचको खुला प्रतिस्पर्धामार्फत भएको हो। २०७१ सालमा खुला आयोगमा उनले मावि तहमा नाम निकालेकी थिइन्। २०६१ सालबाट शिक्षण पेसामा प्रवेश गरेकी हुन्। महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयमा पहिलो नियुक्ति भएपश्चात् उनले त्यहाँ १० वर्षसम्म स्वास्थ्य शिक्षा पढाइन्। २०७६ मा पौडेल विद्यालयको सहायक प्रधानाध्यापक नियुक्त भइन्। त्यतिबेला दरबार हाइस्कुलमा जम्मा ७१ जना विद्यार्थी मात्र थिए। त्यहाँ उनले अर्थशास्त्र पढाउन थालिन्। विगतमा शिक्षण पेसामा महिलाहरूको पकड कम रहेको र यस पेसामा रहेका महिला पनि प्रायः प्राथमिक तहसम्म मात्र सीमित रहने गरेको पौडेल बताउँछिन्। उनी भन्छिन्, 'महिलालाई विश्वासै गर्दैनन्




अनि कहाँबाट आउँछ नेतृत्व गर्ने कन्फिडेन्ट ? घरपरिवारमा पनि सपोर्ट हुनुपर्‍यो।'

पहिलेको सामाजिक संरचनाले महिलालाई पारिवारिक कार्यमा सीमित राख्यो, जसका कारण उनीहरूले आफ्नो पेसागत दक्षतामा पर्याप्त समय दिन सक्ने अवस्था नभएको उनले बताइन्। उनले भनिन, 'सबै क्षेत्रमा जस्तै दरबार हाइस्कुलमा पनि महिलालाई नेतृत्व तहसम्म पुग्न धेरै समय लाग्यो।'

विद्यालयमा अध्यनरत विद्यार्थीहरूलाई प्राविधिक धारमा लगेर सक्षम बनाउने उनको योजना छ। 'म दरबार हाइस्कुललाई यस्तो विद्यालय बनाउन चाहन्छु जहाँका विद्यार्थीहरू औपचारिकतामा मात्रै होइन्,' उनले भनिन्, 'आत्मविश्वासी, सिपयुक्त र जीवनका अन्य क्षेत्रमा पनि प्रतिस्पर्धा गर्न सक्षम गर्न सकून्।'

विद्यार्थीको प्राविधिक दक्षता बढाउनु उनको पहिलो प्राथमिकतामा छ।। विद्यालयमा थप ऐच्छिक विषय राख्ने उनको योजना छ। हाल विद्यालयमा १ हजार ९५ विद्यार्थी छन्। 'नयाँ भूमिकामा जिम्मेवारी थपिनुका साथै आत्मविश्वासको पनि वृद्धि भएको छ,' उनले सुनाइन्।

# विभेद चिर्दै नेतृत्वमा पुगेकी शर्मिला

महिलाले नेतृत्व पाउन कति संघर्ष गर्नुपर्छ भन्ने उदाहरण हुन्- डा. शर्मिला पोखरेल। हाल पद्योदय माध्यमिक विद्यालय हाँकिरहेकी डा. शर्मिलाको कथा आफैंमा अध्ययनयोग्य छ।

प्रधानाध्यापक हुन कानुनी लडाइँ लड्नुपरेको तितो अनुभव सुनाउँछिन् डा. शर्मिला। उनी शिक्षण पेसामा लागेको २२ वर्ष भयो। एउटा शिक्षिका मात्र भएर पढाउँदा त ठिकै थियो तर जब प्राधानाध्यापक भइन् तब बाधा र अवरोधहरू आउन थाले। 'महिलालाई नेतृत्व लिन गाह्रो, सहजै दिँदैनन्,' उनले भनिन्, 'मैले चार वर्ष कानुनी मुद्दा लडेर प्रधानाध्यापकको जिम्मेवार सम्हाल्न पाएको हुँ।'

पितृसत्तात्मक सोचले अझै पनि जरा गाडेको उनले बताइन्। 'शिक्षित भएर मात्रै हुँदैनरहेछ, सोच ठुलो कुरा रहेछ,' उनले भनिन, 'महिला भएर आएकै कारण नेतृत्व हस्तान्तरण गर्न नचाहने, विश्वास



नगर्ने प्रवृत्ति छ।'

उनी प्रअ भएर आएको विद्यालयमा उनीभन्दा जुनियर शिक्षकले जिम्मेवार सम्हालेका थिए। तर उनलाई विद्यालयका अन्य शिक्षक तथा अभिभावकलगायतले नेतृत्व हस्तान्तरण गर्न मानेनन्। उनलाई विश्वास जित्नै वर्षौं लाग्यो। उनी विद्यालयमा प्राधानाध्यापक भएर आएपछि नै विद्यालयको मुहार फेरिएको छ।

उनी हजारौं विद्यार्थीले पढिरहेको विद्यार्थीहरूको सिकाइका लागि योजना बनाउँछिन्। उनी ८० भन्दा बढी शिक्षक कर्मचारीहरूको नृतत्व सम्हालिरहेकी छन्। जाडो बिदा चलिरहँदा पनि उनी विद्यालयमै थिइन्। विद्यालयमा उनले स्पोर्ट एरिया निर्माण गर्न लागेकी छन्।

बालबालिकाको हेरचाह गर्न, पढाउन उनलाई एकदमै मन पर्छ। यही स्वभावले उनलाई शिक्षक बनायो। उनी ब्याचलर सेकेन्ड इयर पढ्दै थिइन्। रिजल्ट आउन आठ नौ महिना मात्रै थियो। 'त्यो खाली समयमा स्कुलनजिकैको बोर्डिङ स्कुलमा पढाउन गएँ। त्यस दिन मलाई एकदमै पढाउन मजा लाग्यो,' उनले भनिन्। त्यसपछि उनी २०६३ सालमा एमएड गर्न काठमाडौं आइन्। त्यसपछि पद्मोदय स्कुलमा एउटा शिक्षिकाका रूपमा पढाउन थालिन्। २०७५ सालमा उनले आफू पढ्दै विद्यालयमा विद्यार्थीलाई पढाउँदै पिएचडी गरिन्। विद्यालयमा जो सिनियर शिक्षक हुन्छ उही नै प्रिन्सिपल हुने नियम छ। उनी सिनियर हुँदाहुँदै पनि जुनियर शिक्षकले विद्यालयको नेतृत्व लिइरहेका थिए। उनी विभेद चिर्दै प्रधानाध्यापक भएको बताउँछिन्। उनले नेतृत्व लिन धेरै लडिन्, संघर्ष गरिन्।

शिक्षिक बन्न उनले २०५२ सालमा शिक्षा सेवा आयोगमा परीक्षा दिएकी थिइन् तर २०६० सालमा मात्र रिजल्ट आएको थियो। ५३ सालबाट उनी अस्थायी रूपमा माध्यमिक तहमा आबद्ध भएकी थिइन्। २०६० सालदेखि उनी स्थायी रूपमा शिक्षिकाका रूपमा सेवा दिइरहेकी छन्। विद्यार्थीहरूलाई पढाउँदै र आफू पनि पढ्दै गर्दा उनले २०७५ सालमा उनले डा. को उपाधि प्राप्त गर्न सफल भइन। आफू पढ्दै, विद्यार्थीलाई पढाउँदै र घरव्यवहार सम्हाल्दै कर्तव्य पूरा गर्दै उनी सफल हुन सकेकी हुन्।

# घरजस्तै विद्यालय बनाएकी रविना

विद्यार्थीलाई भविष्यको कर्णाधार भनिन्छ। जसले समाज बुझ्ने पहिलो ठाउँ परिवार र त्यसपछि विद्यालय हो। व्यस्त आमाबाबुका सन्तानले परिवारमाभन्दा ज्यादा समय विद्यालयमा कटाउँछन्। यसकारण सक्षम नागरिक उत्पादनका लागि विद्यालयलाई पनि घरजस्तै बनाउनुपर्छ भन्नेहरूमध्ये एक हुन्- सरस्वती निकेतन माविकी प्रधानाध्यापक रविना महर्जन। २०५५ सालवाट शिक्षिका हुँदै प्रधानाध्यापकको नेतृत्व गर्दासम्म उनको अनुभव हो यो।

सरस्वती निकेतन माविमा प्रधानाध्यापकको नेतृत्व गर्दै आए महर्जनलाई विद्यालयलाई विद्यालयजस्तो बनाउनुपर्ने सहज थिएन। विद्यालयमा उनीभन्दा सिनियर शिक्षक थिएनन, त्यसकारण उनी सहजै प्रधानाध्यापक बनिन्। प्रधानाध्यापक बनेपछि उनलाई नियाल्ने धेरै थिए। किनभने उनी महिला प्रधानाध्यापक थिइन्।

'महिला प्रधानाध्यापक भएपछि स्कुल कस्तो बन्ने हो ? स्कुल राम्रोसँग चल्छ होला त ?' भन्ने प्रश्न थुप्रै आउँथ्यो,' उनले भनिन्, 'यस्तै प्रश्नहरूको माझमा पनि मैले काम गरेर देखाउनुपर्थ्यो।' २०७१ सालबाट उनले



प्रधानाध्यापकका रूपमा नेतृत्व गर्दै आएकी छन्।

उनका अनुसार विद्यालयको नेतृत्व लिन त्यति सहज थिएन। 'विद्यालय चलाउन बजेट नै थिएन, त्यसमा पनि मैले बजेटका लागि पहल गर्नुपर्थ्यो,' उनले भनिन्। विद्यालयमा अहिले ५ सय विद्यार्थी अध्ययनतर छन्। ४२ जना शिक्षक, शिक्षिकाहरूको नेतृत्व गरिरहेकी छन्। सात वर्ष अस्थायी शिक्षिकाका रूपमा शिक्षण गरिन्।

'महिलाहरूले चलाएका विद्यालय धेरै राम्रा छन्,' उनले भनिन्, 'महिलाहरूले विद्यालयमा पनि घरजस्तै गरेर राम्रो तरिकाले चलाउँछन्।' विद्यालयको हकमा महिलालाई नै नृतत्व दिँदा प्रभावकारी हुने उनको अनुभव छ। भन्छिन्, 'महिला आफू सक्षम हुनुपर्छ, जति चुनौती आए पनि सामना गर्न सक्छन्।'

## युएईका...

उल्लेख गरेको छ। गत ४ डिसेम्बरपछि कुनै औपचारिक जानकारी बिना नेपालस्थित युएई दूतावासबाट प्रहरी रिपोर्ट प्रमाणीकरण गराउनुपर्ने व्यवस्था गरिएका कारण तीन हप्तासम्म पर्खिनुपर्दा भिसा प्रक्रियामा गम्भीर समस्या उत्पन्न भएको र त्यसले युएईको वैदेशिक रोजगारीमा अत्यन्तै गम्भीर र नकारात्मक असर पारेको संघले बताएको छ।

आर्थिक रूपमा कमजोर नेपाली श्रमिकहरूलाई प्रहरी रिपोर्ट प्रमाणीकरण गराउँदा १४ हजार २ सय रुपैयाँ अतिरिक्त शुल्क तिर्न बाध्य बनाइएको भन्दै संघले गत वर्ष १ लाख ७७ हजार नेपाली कामदार युएई जाँदा २ अर्ब ५१ करोड ३४ लाख नेपाली रुपैयाँ बिदेसिएको तथ्यांकसमेत पेस गरेको छ। संघले तत्कालै युएई सरकार वा नेपालस्थित युएई दूतावाससँग उच्चस्तरीय कूटनीतिक पहल गरी समस्या समाधान गरिनुपर्ने बताएको छ।

संघका अध्यक्ष गुरुङले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले कामदारमाथि अनावश्यक आर्थिक भार थपेको स्वास्थ्य परीक्षण शुल्क, जापानको जिट्कोमार्फत लादिएको जाईका अल्मुनाई एसोसिएसन (जान) परीक्षा खारेज गराएर गरिब र विपन्न अवस्थामा रहेका कामदारलाई ठुलो राहत पुर्‍याएको भन्दै युएईका सन्दर्भमा व्यवसायीले परराष्ट्रमन्त्रीबाट यस्तै ठोस पहलको अपेक्षा गरेको बताए।

संघका सल्लाहकार वरिष्ठ व्यवसायी नवराज केसीले २०७१ सालमा पनि प्रहरी रिपोर्ट दूतावासबाट प्रमाणीकरण गराउने प्रयास भएको, तर व्यवसायी तथा सबै पक्षको विरोधले त्यो प्रयास असफल भएको भन्दै अहिले पनि त्यस्तै प्रयास भएको आशंका गरिएकाले मन्त्रालयले गम्भीरताका साथ लिनुपर्ने माग गरे।

यस्तै उनले सबै प्रक्रिया पूरा गरेका, तर प्रहरी रिपोर्ट प्रमाणित गर्नुपर्ने रकम तिर्न नसकेर १० हजार बढी नेपाली अलपत्र अवस्थामा रहेको बताए। सल्लाहकार केसीले भने, 'युएईले प्रमाणित गरेको प्रहरी रिपोर्टले अन्य देशमा रोजगारीमा जान नमिल्ने, भिएफएसमार्फत प्रमाणीकरण भएको रिपोर्टमा ३ महिनाभित्र भिसा नआएको अवस्थामा पुनः १४ हजार २ सय रुपैयाँ तिर्नुपर्ने, प्रमाणीकरण गर्न कामदार आफैं आएर करिब ३ हप्ता पर्खिनुपर्दा हजारौं खर्च हुने र प्रमाणित गरिएका सबैको भिसा नआउने कारणले ठुलो समस्या भएको छ। यसमा मन्त्रालयले तत्काल इनिसियटिभ लिएर काम गर्नुपर्ने देखिन्छ।'

संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले समस्या समाधानका लागि संघले गठन गरेको समितिको संयोजकको हैसियतले आफूले युएईका लागि नेपाली राजदूतसँग छलफल गरेको र छलफलमा प्रहरी प्रतिवेदन नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण अनिवार्य र बाध्यकारी नभएको जस्तो जानकारी गराएको भन्दै यस विषयमा उच्चस्तरको कूटनैतिक पहल आवश्यक भएको बताए।

संघका महासचिव महेशकुमार बस्नेतले वर्तमान सरकारले सबैतिर विकृतिको अन्त्य गर्न खोजेको, तर विपन्न कामदारको रोजगारीसँग जोडिएको युएई भिसा प्रक्रियाको समस्याले कामदार तथा व्यवसायी दुवैलाई समस्यामा पारेको बताए। महासचिव बस्नेतले मुलुकले प्राप्त गर्ने रेमिट्यान्सलाई निरन्तरता दिन वैदेशिक रोजगार व्यवसाय, व्यवसायी र कामदारको समस्या सामाधान हुनुपर्ने आफूहरूको मान्यता रहेको उल्लेख गरे।

जवाफमा परराष्ट्रमन्त्री शर्माले संघका माग जायज रहेको भन्दै संघले उठाएका समस्याको समाधानका लागि श्रममन्त्री र सम्बन्धित निकायमा पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

छलफलमा मन्त्रालयका सहसचिव रामकाजी खड्का पनि सहभागी थिए। संघको प्रतिनिधिमण्डलमा अध्यक्ष गुरुङ, सल्लाहकार केसी, प्रथम उपाध्यक्ष श्रेष्ठसहित द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल वैभव, सचिव कुन्छा दोर्जे दिमदोङ, कार्यसमिति सदस्यहरू भरत सापकोटा, विद्यालक्ष्मी बज्राचार्य, रविन मेघाले मगर, सविता सिंह र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसी सहभागी रहेका थिए।

यसअघि संघले यस विषयमा श्रममन्त्री राजेन्द्रसिंह भण्डारी, श्रमसचिव दीपक काफ्लेलगायतको ध्यानाकर्षण गराइसकेको छ।

## विशेष...

जनाले नाम फिर्ता लिएको र करिब ५ सय जना महाधिवेशन प्रतिनिधि थप हुँदै छन्।'

विशेष महाधिवेशनको पक्षमा कोशी प्रदेशबाट ४ सय ६९, मधेश प्रदेशबाट ४ सय १९, बागमती ४ सय १९, गण्डकी २ सय ५९, लुम्बीनी ३ सय ८५, सुदूरपश्चिम १ सय ४०, कर्णाली १ सय ३७ र शुभेच्छुक, भ्रातृ तथा विदेश सम्पर्क समितिबाट १ सय ८७ गरी २ हजार ४ सय ८८ जना महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेका छन्। विशेष महाधिवेशनको तयारी भएपछि कोशी, मधेश, बागमती प्रदेशबाट प्रतिनिधि बढ्ने क्रममा रहेका छन्। यही बीचमा देशभरका ३८ जिल्ला सभापतिले समेत विशेष महाधिवेशनको पक्षमा लिखित आह्वान गरेका छन्। बाँकी कतिपय जिल्लामा उपसभापति र सचिवहरूले हस्ताक्षर गरेर विशेष महाधिवेशनको आह्वान गरेका छन्। संस्थापन पक्षका २५ जना केन्द्रीय सदस्यहरूले समेत विशेष महाधिवेशन विधिसम्मत भएकाले पार्टीले यसलाई ग्रहण गर्नुपर्ने नेतृत्वमाथि दबाब बढाएका छन्। नेताहरूले विशेष महाधिवेशनविरुद्ध लाग्नेभन्दा पनि यसलाई स्वीकार गरेर समस्या समाधानका नयाँ कोणबाट छलफल गर्नुपर्ने डा. डिला संग्रौलाले बताइन्।

संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाले पार्टी सभापति शेरबहादुर देउवालाई भेटेर विवाद समाधान गर्न सुझाएका छन्। उनले विशेष महाधिवेशनको भेला स्विकार्दै पार्टीको आधिकारिक सहभागितामा संकल्प महाधिवेशनका रूपमा लैजान सकिने मध्यमार्गी बाटो खोज्न देउवालाई दबाब दिँदै आएको उनको सचिवालयले जनाएको छ। सभापति देउवाले समेत पार्टीलाई विभाजन हुन नदिन प्रयत्न गर्ने जनाएका छन्।

विशेष पक्ष र विशेष रोक्ने पक्षका नेताबीच आवश्यक संवादलाई निरन्तर जारी राखेको नेता प्रदीप पौडेलको भनाइ छ। तर केही नेताहरू अझै मिलाउने पक्ष नदेखिएको केन्द्रीय सदस्य प्रदीप पौडेलले बताए। 'विधानले दिएको विशेष महाधिवेशन रोक्नका लागि आवधिक महाधिवेशन गर्नुपर्थ्यो,' उनले मध्यान्हसँग भने, 'समयमा नियमित महाधिवेशन नभएपछि ५४ प्रतिशत प्रतिनिधिहरूले बोलाएको विशेष महाधिवेशनलाई पार्टीले ग्रहण गर्नुपर्नेमा त्यसो हुन सकेन। अब विशेष महाधिवेशनको विकल्प रहेन।' अझै पार्टी समस्या समाधानका उपाय हुन सक्ने भए पनि केही नेताहरूका कारण विवाद निरुपण हुन नदिइएको उनले बताए। 'केही नेताहरू अझै जिम्मेवार रूपमा प्रस्तुत हुनुभएको छैन,' उनले भने।

संस्थापन पक्षका शीर्ष नेताहरूले विशेष महाधिवेशनलाई अस्वीकार गर्दै तल्लो तहका नेता कार्यकर्तालाई तारन्तार फोन गरेर विशेष महाधिवेशमा सहभागी नहुन आह्वान गरिरहेका छन्। विशेष महाधिवेशन गर्ने र रोक्नेबीचको दूरी बढ्दै गए पनि शीर्ष तहमा समन्वयत्मक छलफल जारी छ। तर पूर्वपदाधिकारीहरूले विशेष महाधिवेशनमा जति सक्दो प्रतिनिधि रोकेर बहुमत पुर्‍याउन नदिने पक्षमा छन्। यद्यपि उनीहरूको केही नचल्ने अवस्था सिर्जना हुँदै गएको विशेष पक्षका नेताहरूले दाबी गरेका छन्। विशेष महाधिवेशन पक्षमा देशभरबाट महाधिवेशन प्रतिनिधि संख्या बढ्ने क्रममा रहेको विशेष महाधिवेशन पक्षका नेता सुवास पोखरेलले बताए। 'शीर्ष नेताहरूले विशेष महाधिवेशनबाट पार्टी फुट्छ भन्ने हल्ला चलाएर प्रतिनिधिलाई रोक्ने अनेकन प्रयास गर्दा पनि उहाँहरू असफल हुनुभएको छ। विशेषका पक्षमा माहोल व्यापक बन्दै गएको छ।'

पार्टी सभापति शेरबहादुर देउवा र उनको पक्षका नेताहरूले विशेष महाधिवेशनको मागलाई कुनै एजेन्डा नै नबनाएपछि महामन्त्रीहरूले विशेषका पक्षमा बलियोसँग उभिएका छन्। १५औं आवधिक महाधिवेशन गर्न पार्टीले वैशाख २७-३० सम्मको कार्यतालिका सार्वजनिक गरेको छ। तर असोज २९ गते विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर बुझाएका नेताहरूले सो निर्णयलाई अस्वीकार गरेका छन्। नेपाली कांग्रेसभित्र २ हजार ४ सय ८८ महाधिवेशन प्रतिनिधिले हस्ताक्षरसहित माग गरेका प्रतिनिधिलाई पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा आयोजना गर्ने तयारी छ।

विशेष महाधिवेशन माग गरेको तीन महिनाभित्र बोलाउनुपर्ने व्यवस्था विधानमा भए पनि केन्द्रीय समितिले नबोलाएको भन्दै उनीहरूले पुस २३ गते आफैं विशेष महाधिवेशन आह्वान गरेका हुन्। उनीहरूको आह्वानमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले ऐक्यबद्धता जनाएका छन्। पुस १८ र २४ गते बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले नियमित १५औं महाधिवेशन प्रक्रिया सुरु भइसकेकाले सोही अवधिमा गर्न भनी माग गरिएको विशेष महाधिवेशनको औचित्य सकिएको निर्णय गरेको थियो।

विशेष महाधिवेशनको सबै तयारी अन्तिम चरणमा पुगेको बताइएको छ। मञ्च व्यवस्थापनको काम धमाधम भइरहेको छ। आयोजकले देशभरका महाधिवेशन प्रतिनिधिको तथ्यांक संकलन र व्यवस्थापन, स्वयंसेवक व्यवस्थापन, मिडिया सेन्टर व्यवस्थापन, सांस्कृतिक कार्यक्रमदेखि प्रतिनिधि सहभागीको रुटसमेत तय गरिसकेको छ।

कार्यसम्पादन समितिको अपिल नसुनेर महामन्त्री थापा-शर्मासहित विशेष महाधिवेशन पक्षधरले महाधिवेशनको तयारी तीव्र बनाएपछि संस्थापनका तर्फबाट शुक्रबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पत्रकार सम्मेलन गर्ने तयारी थियो। तर उक्त पत्रकार सम्मेलनमा नेता शेखर कोइराला नजाने भएपछि पत्रकार सम्मेलन स्थगित गरेर कार्यवाहक सभापति खड्का सहमति खोज्ने प्रयासमा रहेको उनीनिकट नेताहरूले बताएका छन्।

## दुबई...

नेपालका अध्यक्ष इन्द्रलाल गोलेले जानकारी दिए। वैदेशिक रोजगारीका लागि दुबई हिँडे पनि सम्पर्कमा नआएका उनी म्यानपावरमा सोधीखोजी गर्दा स्वास्थ्यमा समस्या आएकाले दिल्ली ट्रान्जिट गरी अस्पतालमा छाडेको एयरलाइन्सले जानकारी दिएको थियो। तर अस्पतालमा खोजी गर्दा फेला नपरेको पारिवारिक स्रोतले जनाएको थियो।

दर्नालको आर्थिक अवस्था कमजोर रहेकाले वडाध्यक्ष प्रेम मगरले वडाबाट निःशुल्क उपचारका लागि आवश्यक प्रक्रिया पूरा गरी नगरमा सिफारिस गरेर पठाइसकेको बताए। 'बेपत्ता भएपछि खोजीका लागि पहल गर्दा पनि भेटिएको थिएन,' वडाध्यक्ष मगरले भने, 'सामाजिक सञ्जालमै दिल्लीमा अलपत्र परेको सार्वजनिक भएपछि उनलाई उद्धार गरेर ल्याएर उपचार भइरहेको छ।'

बेवारिसे अवस्थामा भेटिएका दर्नालको खुट्टाको औंलासमेत काटिइसकेको अवस्थामा फेला परेको जनाइएको छ। वैदेशिक रोजगारीका लागि दुबई उडेका दर्नाल भारत ट्रान्जिट हुँदा छुटे वा कसरी दिल्लीमा अलपत्र परे भन्ने बारे अझै खुल्न नसकेको पनि वडाध्यक्ष मगरले बताए।

कथा

# भाइटीकाको अपमान !

'बाबा, म उसलाई श्रीमान् भन्न सक्दिन ! भाइटीका लगाएको दाइ नै श्रीमान्- अह... ! धर्म र नैतिकताले के भन्ला बाबा ?', मैंले सम्झाएँ, 'मलाई बुझ्ने प्रयास गर छोरी । ऊ पिआरवाला हो 'नत्र मरिहत्ते किन गर्थे म ?'



■ बिदुर दाहाल

'आउनु पर्छ है मेरो घरमा ।'

'हस् अंकल, आउँछु ।'

नभन्दै आयो ऊ दशैंमा । 'एउटै आमाको दूध खाएकी बहिनी होइन नि, मात्र मानेको हो !'

अलिक दोधारमा पऱ्यो कि क्या हो ? अघिल्लो रातको कुराले ! भोलिपल्ट घरबाट निस्कने बेला कम्पाउन्ड बाहिर भेट्दा पनि बोलेन । 'बाइ'मात्र गरेर हिँड्यो । कौसीबाट हेरिरहेँ म !

सामाजिक हैसियत भएको मान्छे ठान्छु आफूलाई ! व्यापारिक केन्द्रमा घर छ । घर-व्यवहार चलाउन घर भाडाले भरथेग गर्छ । स्थायी जागिरे हुँ म । सानो-तिनो व्यापार-व्यवसायबाट थप आम्दानी हुन्छ ।

देश-दुनियाँको खबर अपडेट हुन हरेक दिन बेडमै ढल्केर टेलिभिजनको समाचार हेर्छु । आज पनि हेरे । राजनीतिमा चासो छ मलाई । सानोतिनो नेतै हु म !

व्यापारमा भविष्य खोज्न ३ वर्षअघि धुलिखेलतिरको नेवार केटो (विकास) सटर खोज्दै आयो । सटर खाली थियो । भाडामा दिएँ उसलाई । राम्रै छ कपडा व्यापार उसको । आँटिलो छ केटो । एक्लै व्यापार सम्हालेर बस्छ । खासमा ऊ हाम्रो परिवारको सदस्यझैँ लाग्छ मलाई । छोरीले उसलाई भाइटीका लगाई । खासमा त्यो दाई टीका हो ।

आमाले जात-भातको कुरा गर्नुहुन्छ । बुढेसकालको मान्छेलाई चित्त नदुखोस् भन्ने चाहन्थे ! सँगै बसेर खाना खाएको आमालाई चित्त बुझ्दैन । आमाले नदेखिदिए हुन्थ्यो भन्ने कुरा भित्र मनमा आउँथ्यो । खाना बोलाएको दिन आमालाई टिभी हेर्न जानु भनेर पठाउँथेँ । जातीय कुसंस्कारको जरो अझै निर्मूल भएको छैन । संविधानले जातीय वा कुनै खालको विभेदलाई दण्डनीय मानेको भए पनि आमा मान्नुहुन्न । 'मानिस एउटै हो' भन्ने कुरा आमाको दिमागमा घुसाउनै सकिनँ ।

बूढाबूढीको मन नदुखोस् भनेर उहाँले वर्जित गरेका कुरालाई स्वीकारेजस्तो गर्थें ! त्यो आमालाई देखाउन मात्र थियो । आमाले नातिनिलाई आफ्ना पालाका कुरा सुनाउनुहुन्थ्यो ।

'यस्तो पनि हुन्थ्यो र बाबा ?' भनेर प्रश्न गर्छे छोरी मलाई ।

'परम्परागत समाजमा त्यस्तो थियो कुनै दिन,' पुरातन इतिहास सम्झाउँछु छोरीलाई ।

आमा 'नातिनीको कन्यादान गर्न पाए हुन्थ्यो' ! बारम्बार सम्झाउनुहुन्छ । 'पहिलाको जमाना होइन क्या, कति भन्नु तपाईंलाई ?' भन्दा-भन्दै थाकिसकेको म !

२०६० सालको अन्त्यतिर माओवादी द्वन्द्वमा प्रहरी चौकी विस्फोट हुँदा मेरो घर र पसल पनि सामान्य क्षति भयो । घरमा पसल गर्ने विकास भौंतारियो । पसल उठायो । एक महिनाको भाडा छुट दिएँ । नरमाइलो लाग्यो मलाई ।

घर मात्र छोडेन, अनिश्चित गन्तव्यतिर हिँड्यो । एक हिसाबले ऊ छोरो थियो ! किनकि छोरीले हरेक वर्ष भाइटीका लगाउँथी । घरमा 'भाइटीका' लगाएका र 'राखी' बाधेका फोटोहरू अझै एल्बममा छन् । व्यापार छोडे पनि बेला-बेलामा बाटो पर्दा आइरहन्थ्यो । 'विदेश जान्छु अंकल,' भन्थ्यो मलाई ।

त्यसपछि ४/५ वर्ष सम्पर्क टुट्यो । एक दिन उसलाई 'मिस्टर विकास'का नामबाट टिकटकमा



देखेँ । सामाजिक सञ्जाल खूब चलाउँछु म । लाइक गरेँ उसलाई । त्यसपछि टिकटक भिडियोहरू लाइनै आउन थाले । टिकटककै माध्यमबाट धेरै नेपाली र भारतीयसँग जोडिएको रहेछ ऊ । त्यसको माध्यमबाट व्यापार पनि बढाएको रहेछ । म्यासेज पठाएँ मैले । त्यसपछि अनलाइनमा कुरा हुन थाल्यो । रेस्टुरेन्टको व्यापार छ रे क्यानडामा उसको !

यता छोरीले धेरै पढ्न सकिन । खासमा पढेर खाने खालकी छैन ऊ । धेरै पटक फेल भई परीक्षामा । तनाव मलाई नै । धेरै सोचेँ, धेरै विचार गरेँ । अन्ततः क्यानडामा व्यापार गरी बस्ने उहीँ मेरो घरमा व्यापार गर्ने विकासलाई सम्झेँ । अन्तर्द्वन्द्वले मनमा डेरा जमायो । 'अझै अविवाहित छ त ऊ ?'

ठट्टा गरेँ एक दिन । 'बुहारी के गर्छिन् ?'

'बिहे नै भएको छैन नि अंकल,' भन्यो मलाई ।

'खै, के मिल्दैन, के मिल्दैन विवाह गर्न ।'

उसको कुराले एकाएक मनमा उमङ्ग ल्यायो । त्यो दिन त्यत्तिकै भयो । कुरा छोटाएँ । भदौतिरको कुरा हो त्यो । दशैं आउनै लाग्दा फेरि फोन गरेँ उसलाई । नेपाल आउने कुरा गऱ्यो । घरमा आउने बाचा सम्झाएँ । बाचा पूरा गऱ्यो । आयो ।

एक रात बस्यो । हल्का बियर पियौँ दुवै जनाले । मैले बियर लागेको नाटक गरेँ तर लागेको थिएन । ऊ रम-रम थियो । अलिक खुल्दै गयो । जेसुकै भनोस्, प्रस्ताव राखेँ - 'अमिसालाई विवाह गर्ने हो ?'

अचम्म मानेर हेऱ्यो ! 'अंकललाई धेरै लाग्यो ?' टाउको हल्लाएँ मैले ।

प्रतिवाद गऱ्यो वा मानेन भने 'रक्सीको सुरमा भनेको' भन्दिउँला भन्ने मनस्थिति बनाएँ । धन्न त्यो स्थिति आएन ।

'अंकल, ऊ मेरी बहिनी... ?' प्रश्न तेर्सायो । बोलिन । बोल्नु भन्दा टाउको हल्लाउनु जाती ठानी मैले । फेरि टाउको हल्लाए ।

पछि पनि पटक-पटक कुराकानी गरेँ । कुराकानी प्रत्यक्ष/अप्रत्यक्ष छोरी अमिसालाई विवाह गरोस् भन्ने नै हुन्थ्यो । अन्तमा उसले सोचेर भन्छु भन्यो । अचानक एक दिन 'उमेर मिल्दैन नि अंकल,' भन्यो । 'केटीको उमेर कम भएको जाति हुन्छ हजुर ।' शिव-पार्वतीको उदाहरण दिएँ । अब भने ऊ परिवर्तन भएको अनुमान लगाएँ मैले । 'कुरा गरौँला' भन्दै फोन राख्यो उसले ।

छोरीलाई पनि कुराकानी गर्न उक्साएँ । 'विकासले तँलाई क्यानडा लैजाने भन्छ ! जान्छेस् ?' मन चोर्न खोजे उसको । ऊ कन्फ्युजनमा परी । 'तिहारमा टीका लगाएको दाइ... ! नाइँ, म त ।'

कुरा सुन्दा टीका लगाउन बाध्य पारेको मन नपरेको रहेछ ।

भाइटीका लगाउँदा हात कामेको र अलि नर्भस भएको झलझली याद आयो मलाई । खासमा कर मैले नै गरेको थिएँ । त्यो बेलाको परिस्थिति त्यस्तै थियो ।

'बाबा, म उसलाई श्रीमान् भन्न सक्दिन ! भाइटीका लगाएको दाइ नै श्रीमान्- अह... ! धर्म र नैतिकताले के भन्ला बाबा ?', मैंले सम्झाएँ, 'मलाई बुझ्ने प्रयास गर छोरी । ऊ पिआरवाला हो 'नत्र मरिहत्ते किन गर्थे म ?'

मानिसहरू युरोप/अमेरिका जान नक्कली विवाह र नक्कली सम्बन्ध विच्छेद गर्छन् भन्थे ! कुरा यस्तै रहेछ । होइन बाबा ? उत्तरविहीन भएँ म एक छिन ।

'यो सहर हो, गाउँ होइन । तिमीले दाइ बनाएको कसलाई थाहा छ ? मन परेन भने उतै गएर छोड्नु । मानेको दाइ हो ऊ, साँच्चिकै दाइ होइन । विवाह गर्न हुन्छ छोरी ।' आशय बुझेझैँ गरी । के सोची, खै ! सायद क्यानडा सेटलको सपना देखी होला उसले पनि ! अनुमान लगाए । त्यसपछि ऊ बोलिन ।

धेरै कुरा अरूलाई सिकाउँछु । अपसोच- भाइटीका लगाएको दाइसँग विवाहको सम्बन्ध जोड्न खोज्दै छु । पवित्र नातालाई पिआरसँग साट्दै छु । विचित्र र विरोधाभासले भरिएको जीवन छ मेरो । अरूको आङको जुम्रा सजिलै देख्छु ! अरूको कोणबाट कहिल्यै आफूलाई मूल्यांकन गरिनँ । समाजले के भन्ला ? मतलबै गरिनँ ! फाइदा मात्र हेरेँ ।

बाँच्ने कला मलाई थाहा छ । जसरी बैंकहरूले नभएको ब्यालेन्स देखाइदिन्छन् विदेश पठाउनका लागि, कन्सल्ट्यान्सीहरूले फ्रड कागजात बनाउँछन्, नेतृत्वले ताल न सुरका भाषण गर्दा ताली ठोक्छौँ- यस्ता कामलाई सहजै स्वीकार गर्ने र मान्यता दिने समाज हो यो । म त्यही समाजको उत्पादन !

खासमा अरूलाई सिकाउने मान्छे म आफैँ सनातन धर्म, संस्कार र सामाजिक कानुन नाघ्दै छु । यत्रो वर्ष अरूलाई कसरी भ्रममा राख्न सकेँ होला ? प्रश्नहरू बारम्बार आइरहे मनमा ।

विश्वव्यापीकरण र उदारीकरणको राप तापमा पश्चिमाहरूलाई जनशक्तिको खाँचो छ । उनीहरू सबैलाई विश्व नागरिक ठान्छन् । त्यसलाई व्यवहारमा कार्यान्वयन गरिरहँदा नेपालीले कुनै न कुनै लाभ लिए । देश प्रतिको निराशा र गुणस्तरीय जीवनको खोजीमा बिदेसिए धेरै । म पनि त्यसैको लोभी हुँ ! मुख फोरेर भन्नु पो भएन !

नभन्दै केही महिना पछि-'अमिसाको पासपोर्ट छ त ?' सोध्यो विकासले ।

आ... होस् ! केही हुँदैन । निर्णयबाट पछि हट्दिन । विकासले नमान्ला भन्ने डर थियो मलाई । त्यो हट्यो । धन्य !

खुसीले सीमा नाघ्यो । अमिसालाई पासपोर्ट लगायतका आवश्यक कागजात बनाउन सघाएँ । विदेश जाने भनेपछि जस्ता पनि कागजात बनिहाल्छन् । छोरी क्यानडा उडी । एयरपोर्टमा बिदाइ गर्दा 'राम्रो गर्नु, हामीलाई पनि छिटै बोलाउनु ।'

'बाबा पनि... ।' मुस्काई मात्र !

दिन यसरी नै चल्दै थिए । ८/१० दिनमै करोडपति क्लबमा एउटा फिल्म पुग्यो रे ! बजारमा फिल्मबारे व्यापक चर्चा परिचर्चा भएपछि श्रीमतीले फिल्म हेर्न कर गरी ! श्रीमती सहित फिल्म हेर्न हल गए म । जति हेर्दै जान्छु उति-उति फिल्म आफ्नै जिन्दगीको कहानीजस्तो लाग्छ । ऐनामा आफूलाई छर्लङ्ग देखेजस्तो भो । 'हैन यो के हो क्या ?' पटकथा लेखकलाई मेरो विषय कसरी थाहा भयो ह ? कि यस्ता बहुरूप अरूका पनि हुन्छन् ? कन्फ्युजनमा छु अझै म ।

कविता

## विमानभन्दा छिटो छ मान्छे !



गणेश लोहनी

भोगको भँड्खालो
नकारको निस्पट्टताबाट उठेर
सकारको सुस्वाद
मधुरस पानमा जुट्न सके
स्वाधिष्ठान मूलाधार
अनाहत हुँदै
सहस्रारसम्मको
महततामा उठ्न सके
गलेश्वर बाबालाई झैं
खराउले पानीमाथि टेकेर
सहजै कृष्णा तराउँछ
योगबलले
धेरै कुरा सम्भव गराउँछ
अणिमादि अष्टसिद्धिमा
निपुण ऋषि महर्षि
आकाश मार्गबाट
यात्रा गर्दथे भन्ने
पौराणिक कथन छ
नारद मुनि
वायु वेगले
आकाश मार्गबाट
तीनै लोक
चहार्ने गरेको
पौराणिक कथा
स्कन्ध पुराणमा
पढ्न पाइन्छ
युगीन साधनाले
सम्भव भएका
महान् पुर्ख्यौली पुँजी
गुमायौँ कि त !
विज्ञानको
पहुँचभन्दा परसम्म
पुर्खाका योग साधना
पुगेकै थियो होला
र त पौराणिक कथाहरूमा
पुष्पकादि विमानका
चर्चा भेटिन्छन्
विमानभन्दा
तीव्र गतिमा
दौडन्छ मानवमन
गतिमान हुन सक्छ
मानव मस्तिष्क
तसर्थ, निर्धक्क भन्न सकिन्छ
सामर्थवान ठिटो छ मान्छे
विमानभन्दा छिटो छ मान्छे !!

# निलो हावाको दिन

कथा



■ रञ्जिता बास्ताकोटी

*उसको आँखाबाट आँसु बग्यो । पहिलोपटक, उसले हावालाई महसुस गरेको थियो । केही बेरमै प्रणाली पुनः सक्रिय भयो । हावा फेरि नियन्त्रणमा आयो । निलो रंग फर्कियो । मिहिरलाई नियन्त्रणमा लिइयो । उल्लंघनको अभियोग लाग्यो । तर सेक्टर-७४ का मानिसहरूले त्यो दिन सम्झिरहे ।*

सहरको नाम कसैले उच्चारण गरेर बोल्दैनथ्यो । नक्सामा त्यो केवल सेक्टर-७४ भनेर चिनिन्थ्यो । किनकि नामसँग इतिहास जोडिन्थ्यो र इतिहाससँग प्रश्न । प्रश्न भनेको यस युगमा अनावश्यक झन्झट थियो ।

सेक्टर-७४ को आकाश आज पनि ठिक समयमा निलो थियो । बिहान ६:०० देखि ६:४५ सम्म 'मध्यम निलो', त्यसपछि ९:३० सम्म 'हल्का सेतो बादल मिश्रित' । सबै कुरा पूर्वनिर्धारित ।

मिहिर श्रेष्ठले आकाशतर्फ हेरेर आँखा झिम्क्यायो । उसलाई आकाश सुन्दर लागेन, केवल ठिक लाग्यो । जस्तो कुनै राम्रोसँग सफा गरिएको प्रयोगशाला - निष्कलंक तर निर्जीव ।

मिहिर वायुमण्डलीय स्थिरता विभागको वरिष्ठ विश्लेषक थियो । उसको काम थियो- हावाको दिशा, दबाब र गतिको सन्तुलन जाँच गर्नु । यदि कुनै क्षेत्रमा हावा 'भावनात्मक रूपमा अस्थिर' हुने सम्भावना देखियो भने, तुरुन्तै सुधारात्मक प्रवाह लागू गरिन्थ्यो । भावनात्मक हावा- त्यो शब्द अब केवल पुराना कागजातमा बाँकी थियो ।

उसको कलाईमा बाँधिएको उपकरणले कम्पन गऱ्यो ।

आज ४:४० देखि ४:४७ सम्म सेक्टर-७४ मा निलो हावा (शान्त प्रवाह), गति : ३.२ मि/से, तापक्रमः २२ डिग्रि सेल्सियस, विचलन शून्य ।

मिहिरले उपकरण बन्द गऱ्यो ।

'निलो हावा' उसले बडबडायो । 'हावा पनि अब रङअनुसार आउँछ ।'

उसलाई आफ्नो हजुरआमाको कुरा याद आयो ।

हजुरआमा भन्थिन्, 'कहिलेकाहीँ हावा निलो हुँदैन, मिहिर । कहिलेकाहीँ त हावा रोएको जस्तो लाग्छ । कहिलेकाहीँ हावाले मान्छेको कुरा सुनिदिन्छ ।'

त्यतिबेला मिहिर हाँस्थ्यो । आज उसलाई त्यो हाँसो लाजमर्दो लाग्थ्यो । मिहिरको घर सेक्टर-७४ को भूमिगत तहमा थियो । सबै सुविधा आधुनिक थिए, तर उसले एउटा कोठा यस्तो बनाएको थियो, जुन प्रणालीको नक्सामा रिक्त देखिन्थ्यो । त्यहाँ कुनै सेन्सर थिएन । कुनै स्वचालित नियन्त्रण थिएन । त्यो कोठामा एउटा पुरानो धातुको बाकस थियो । बाकसभित्र- एउटा अडियो-डायरी । त्यो डायरी उसकी आमा, अन्वी श्रेष्ठ, को थियो । अन्वी कहिल्यै कुनै विभागमा काम गरिनन् । उनी हावा सुन्ने मान्छे थिइन् । डायरीको आवाज मिहिरले आज फेरि चलायो ।

आज फेरि हावाले नियम मानेन । पूर्वबाट आउनुपर्ने हावा पश्चिमबाट आयो । विभागले यसलाई 'त्रुटि' भन्यो । तर म भन्छु- त्यो हावाले केही भन्न खोजेको थियो ।

मिहिरको छाती कसियो । अन्वीलाई यही कारणले प्रणालीबाट अलग गरिएको थियो । 'अवैज्ञानिक भावुकता' । त्यही दिनदेखि मिहिरले हावा मापन त गऱ्यो, तर कहिल्यै सुनेन । आज भने-आज उसलाई सुन्न मन लागेको थियो ।

दिउँसो ४:३० । मिहिर विभागको नियन्त्रण कक्षमा थियो । ठूलो पारदर्शी पर्खालमा सम्पूर्ण सेक्टरको वायुमण्डलीय नक्सा तैरिरहेको थियो । सबै रेखाहरू सिधा, सबै संख्याहरू हरियो । 'आजको निलो हावा एकदमै स्थिर छ,' प्रमुख निरीक्षकले भने ।

'पूर्ण नियन्त्रण ।'

मिहिरले टाउको हल्लायो । तर उसको आँखा एउटा सानो बिन्दुमा अडिएको थियो - सेक्टरको किनारमा देखिएको असामान्य कम्पन । त्यो कम्पन प्रणालीले स्वतः दबाउन लागेको थियो ।

'सर,' मिहिरले बिस्तारै भन्यो, 'यदि हामी यो सुधार रोकेर... हावालाई केही मिनेट स्वतन्त्र छोड्यौँ भने ?'

कोठा एक्कासि शान्त भयो । प्रमुख निरीक्षकले उसलाई हेऱ्यो । 'तिमी भावनात्मक शब्द प्रयोग गर्दै छौ, मिहिर । हावा स्वतन्त्र हुँदैन । हावा व्यवस्थापन हुन्छ ।'

मिहिर चुप लाग्यो । तर उसको भित्र केही चिच्याइरहेको थियो ।

४:३९ । निलो हावा सुरु हुन एक मिनेट बाँकी । मिहिर आफ्नो कन्सोलतिर फर्कियो । उसको हात काँपिरहेको थियो । उसलाई थाहा थियो, यदि उसले स्थिरीकरण लूप केही सेकेन्डका लागि मात्र तोड्यो भने, हावा आफैँ बाटो खोज्नेछ । त्यो अवैधानिक थियो । तर त्यो नै संयोग थियो । उसले आमाको आवाज सम्झियो- 'हावालाई कहिलेकाहीँ आफैँ हुन देऊ ।'

४:४० । उसले आदेश टाइप गऱ्यो- डिसेबल फ्लो करेक्सन म्यानुअल विन्डोज !

स्क्रिन पहेँलो भयो । चेतावनीहरू चम्किए । यो कार्यले प्रणालीगत जोखिम निम्त्याउँछ । पुष्टि गर्नुहोस् । मिहिरले आँखा बन्द गऱ्यो र पुष्टि गऱ्यो ।

पहिलो मिनेट- केही भएन । दोस्रो मिनेट- हावाको गति बदलियो । तेस्रो मिनेट- आकाशको निलोपन टुट्यो । सेक्टर-७४ मा मानिसहरू अचम्म मान्दै आकाश हेर्न थाले । हावा न्यानो-चिसो एकै चोटि लाग्न थाल्यो । कसैको कपाल उड्यो । कसैको आँखामा आँसु आयो- किन आयो, थाहा भएन । त्यो हावा निलो थिएन । त्यो हावा अनिर्णीत थियो ।

मिहिर नियन्त्रण कक्षबाट बाहिर निस्कियो । सुरक्षा अधिकारीहरू चिच्याइरहेका थिए । तर उसले सुनेन । हावाले उसको अनुहार छोयो । त्यो हावामा कुनै मापन योग्य गुण थिएन । तर त्यो हावामा स्मृति थियो, गन्ध थियो, जीवन थियो ।

उसको आँखाबाट आँसु बग्यो । पहिलो पटक, उसले हावालाई महसुस गरेको थियो । केही बेरमै प्रणाली पुनः सक्रिय भयो । हावा फेरि नियन्त्रणमा आयो । निलो रंग फर्कियो । मिहिरलाई नियन्त्रणमा लिइयो । उल्लंघनको अभियोग लाग्यो । तर सेक्टर-७४ का मानिसहरूले त्यो दिन सम्झिरहे । त्यो दिन, जब हावाले नियम मानेन । त्यो दिन, जब हावाले उनीहरूलाई छोयो । र कतै, भूमिगत कोठामा, अन्वीको अडियो-डायरीमा नयाँ लाइन थपियो । 'आज मेरो छोरोले हावा सुन्ने आँट गऱ्यो । तीन मिनेटका लागि । तर त्यो तीन मिनेट-जीवन थियो ।'

सेक्टर-७४ फेरि शान्त भयो । तर अब, कहिलेकाहीँ, मानिसहरू आकाश हेर्दा सोच्छन्- यदि हावा फेरि आफ्नै मनले बग्यो भने ?

गीत

## तिम्रो मनमा डेरा जमाएर



रत्नप्रसाद अनामणि श्रेष्ठ

तिम्रो मनमा डेरा जमाएर बस्ने मै हुँ ।
यो दुनियाँमा माया कमाएर बस्ने मै हुँ ।
तिम्रो मनमा डेरा जमाएर बस्ने मै हुँ ।
यो दुनियाँमा माया कमाएर बस्ने मै हुँ ।

धेरैले रूपलाई हेरे, मैले व्यवहारलाई हेरेँ
सबै भन्छन् रूप र व्यवहार एकै हुँदै होइन
समयमै मायाको फोटो छपाएर बस्ने मै हुँ
तिम्रो मनमा डेरा जमाएर बस्ने मै हुँ ।
यो दुनियाँमा माया कमाएर बस्ने मै हुँ ।

मनभित्र र बाहिर देखाउने माया भिन्न रहेछ
मन्दिरमा र मनमा बस्ने भगवान् भिन्न रहेछ
जतातत्तै सबैसँग रमाएर बस्ने मै हुँ ।
तिम्रो मनमा डेरा जमाएर बस्ने मै हुँ ।
यो दुनियाँमा माया कमाएर बस्ने मै हुँ ।

# अन्तरजिल्ला मतदानको सपना अधुरै

## आयोग भन्छ– कानुनी र प्राविधिक तयारी अपूरो




**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि आफ्नो मतदाता नामावली रहेको जिल्लाबाहिर रहेका मतदाताले मतदान गर्न नपाउने भएका छन् । रोजगार, शिक्षा, स्वास्थ्य उपचार लगायत विभिन्न कारणले हाल बसोबासको स्थानबाट टाढा रहेका लाखौं मतदाताको अपेक्षाविपरीत निर्वाचन आयोगले यसपटक पनि अन्तरजिल्ला तथा अन्तरक्षेत्रीय मतदानको व्यवस्था गर्न नसकेको जनाएको हो ।

शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा निर्वाचन आयोगले अन्तरजिल्ला मतदानसम्बन्धी मागबारे प्रष्ट पार्दै यसपटक पनि त्यस्तो व्यवस्था सम्भव नभएको जानकारी दिएको छ । आयोगका अनुसार कानुनी संशोधन, प्रविधिगत तयारी र समयको अभावका कारण अन्तरजिल्ला मतदान कार्यान्वयन गर्न नसकिएको हो ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि बनेको सरकारले फागुन २१ का लागि निर्वाचनको मिति घोषणा गरेसँगै अन्तरजिल्ला मतदानको माग झनै चर्किएको थियो । विशेषगरी रोजगारीका लागि उपत्यका र ठुला सहरमा रहेका, अध्ययनका कारण जिल्ला बाहिर बसेका तथा उपचारका लागि अन्यत्र रहेका मतदाताले मतदानको अधिकार प्रयोग गर्न पाउनुपर्ने माग उठ्दै आएको छ ।

अघिल्ला निर्वाचनहरूमा पनि यस्ता आवाज उठ्ने गरेका थिए । तर यसपटक आन्दोलनरत जेनजी समूहहरूले समेत सरकारमार्फत निर्वाचन आयोगमाथि दबाब बढाएका थिए । यद्यपि, आयोगले ती मागलाई यस निर्वाचनमा समेट्न नसकेको स्वीकार गरेको छ ।

### यसपटक सम्भव भएन : आयोग

निर्वाचन आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले अन्तरजिल्ला मतदानका लागि आवश्यक कानुनी र प्राविधिक पूर्वतयारी पूरा हुन नसकेको बताए । 'अन्तरजिल्ला मतदानका लागि कानुन संशोधनदेखि प्रणाली विकाससम्मका काम आवश्यक पर्छन्। समय अभावका कारण यसपटक त्यो सम्भव भएन,' उनले भने ।

तर आम मतदाताका लागि यस्तो व्यवस्था गर्न नसकिए पनि निर्वाचनमा खटिने सुरक्षाकर्मी, कर्मचारी, कारागारमा रहेका कैदीबन्दी, वृद्धाश्रममा बसोबास गरिरहेका ज्येष्ठ नागरिकका लागि भने अघिल्ला निर्वाचनझैं अस्थायी मतदाता नामावलीमार्फत मतदानको सुविधा दिने आयोगको तयारी छ ।

निर्वाचनको सुरक्षालाई लिएर विभिन्न चर्चा भइरहेका बेला आयोगले भने मतदाताले ढुक्क भएर मतदानमा सहभागी हुन सक्ने दाबी गरेको छ । प्रवक्ता भट्टराईले सरकार र सुरक्षा निकायसँग समन्वय गरेर भरपर्दो सुरक्षा व्यवस्था मिलाउने काम भइरहेको बताए । 'सुरक्षाका कारण निर्वाचनमा होमिन डराउनुपर्ने वा मतदान गर्न जान संकोच मान्नुपर्ने अवस्था छैन,' उनले स्पष्ट पारे । सुरक्षा निकायको नेतृत्व, सम्बन्धित मन्त्रालयको समन्वय र आयोगको सहजीकरणमा विश्वसनीय सुरक्षा प्रबन्ध गरिने आयोगको भनाइ छ ।

आयोगले यसपटक बदर मत घटाउन विशेष रणनीति अपनाउने जनाएको छ । मतदाता शिक्षालाई प्रभावकारी बनाउने र मतदान प्रक्रियाबारे स्पष्ट जानकारी प्रवाह गर्ने तयारी आयोगको छ ।

त्यस्तै, निर्वाचन अवधिमा सामाजिक सञ्जालको प्रयोगलाई सकारात्मक सन्देश प्रवाहमा सीमित गर्न कडाइ गर्ने नीति पनि लिइएको छ । आयोगका अनुसार मेटा र टिकटकसहित सामाजिक सञ्जाल प्लेटफर्महरूसँग सम्पर्क भइसकेको छ । अघिल्ला निर्वाचनहरूमा झैं सहयोग गर्ने प्रतिबद्धता उनीहरूले जनाएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

आयोगले सबै सामाजिक सञ्जाल कम्पनीलाई औपचारिक पत्राचार गरिसकेको र आवश्यक परे सम्झौता (एमओयु) गरेर अघि बढ्ने तयारी भइरहेको जनाएको छ । समय मिलाएर सम्बन्धित प्लेटफर्मका प्रतिनिधि नेपाल आउने सहमति पनि भएको आयोगको भनाइ छ ।

### आचारसंहिता कार्यान्वयनमा तीन रणनीति

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता २०८२ कार्यान्वयनका लागि तीन चरणीय रणनीति अपनाएको जनाएको छ ।

पहिलो, आचारसंहिताबारे प्रभावकारी प्रचारप्रसार गर्ने, दोस्रो, स्वमूल्यांकन र स्वनियमनको विधि अपनाउने र तेस्रो, उल्लंघन भएमा चरणबद्ध कारबाही गर्ने नीति लिइएको छ । 'पहिला सचेत गराइन्छ, नसुने दण्डात्मक व्यवस्था लागू हुन्छ,' प्रवक्ता भट्टराईले बताए ।

आयोगले आचारसंहिता लागू हुनुअघि नै केन्द्रीय अनुगमन समिति गठन गरी दलहरूसँग छलफल गरिसकेको र माघको पहिलो साताबाट आचारसंहिता जारी गर्ने तयारी गरेको छ ।

पत्रकार सम्मेलनमा कांग्रेसको विशेष महाधिवेशनसम्बन्धी प्रश्न उठ्दा प्रवक्ता भट्टराईले दलहरूको आन्तरिक विषयमा आयोगले हस्तक्षेप नगर्ने स्पष्ट पारे । 'दलहरूको गतिविधि अध्ययन गर्नु आयोगको जिम्मेवारी हो, तर हाल कांग्रेसको हकमा हस्तक्षेप गर्नुपर्ने अवस्था छैन,' उनले भने ।

# महिला नेतृत्व र राजनीतिक पहुँच विस्तारबारे रौतहटमा सामुदायिक संवाद



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ पुस

मुलुकको राजनीतिक प्रक्रियामा सीमान्तकृत महिलाको प्रभावकारी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उद्देश्यले रौतहटको चन्द्रपुरमा 'सामुदायिक संवाद' कार्यक्रम सम्पन्न भएको छ । एक्सेस नेपालको आयोजना तथा युएन वुमनको सहयोगमा सञ्चालन गरिएको सो कार्यक्रमले स्थानीय तहमा महिला नेतृत्व, राजनीतिक पहुँच र निर्णय प्रक्रियामा उनीहरूको भूमिकाबारे गहिरो बहस गरेको छ ।

संवाद कार्यक्रममा विभिन्न राजनीतिक दलका स्थानीय प्रतिनिधि, नागरिक समाजका अगुवा तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा विशेषगरी आर्थिक र सामाजिक रूपमा पछि पारिएका महिलालाई नीति निर्माणको केन्द्रमा कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा केन्द्रित छलफल गरिएको थियो ।

कार्यक्रमबारे जानकारी दिँदै एक्सेस नेपालकी कार्यकारी निर्देशक लक्ष्मी नेपालले संविधानले महिलाको राजनीतिक सहभागिताको सुनिश्चितता गरे पनि व्यवहारिक कार्यान्वयनमा अझै थुप्रै चुनौती रहेको उल्लेख गरिन् । उनले सीमान्तकृत महिलाको सहभागिता केवल संख्यामा सीमित नभई निर्णय प्रक्रियामा वास्तविक प्रभाव पार्ने खालको हुनुपर्नेमा जोड दिँदै भनिन्, 'महिलाहरू नीति निर्माणमा अर्थपूर्ण रूपमा सहभागी भए मात्र समावेशी लोकतन्त्र सम्भव हुन्छ।'

त्यसैगरी, एक्सेस नेपालकी मधेश प्रदेश संयोजक कल्पना साहले मधेशको सामाजिक संरचनाले महिलाको राजनीतिक यात्रामा सिर्जना गरेका अवरोधहरूबारे चर्चा गरिन् । समुदायस्तरमा हुने यस्ता संवाद कार्यक्रमले महिलामा आत्मविश्वास बढाउने र राजनीतिक दललाई अझ समावेशी बन्न दबाब सिर्जना गर्ने विश्वास उनले व्यक्त गरिन् ।

संवादमा सहभागी विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले आफ्ना पार्टी संरचनाभित्र महिलाको भूमिकालाई बलियो बनाउने तथा उम्मेदवार छनोटका क्रममा सीमान्तकृत समुदायका महिलालाई प्राथमिकता दिने प्रतिबद्धता जनाएका थिए । त्यस्तै, सञ्चारकर्मीहरूले महिलाका मुद्दालाई प्राथमिकताका साथ उठाउने र महिला नेतृत्व विकासमा सहकार्य गर्ने धारणा राखेका थिए ।

सीमान्तकृत महिलाको अर्थपूर्ण राजनीतिक सहभागिता र नेतृत्व विकासलाई केन्द्रमा राखिएको यस सामुदायिक संवादले रौतहट जिल्लामा महिला अधिकार र राजनीतिक चेतनाको विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा सहभागीहरूले व्यक्त गरेका छन् ।

# क्षेत्रगत रूपमा फोहोर व्यवस्थापन गर्न तथ्यांक संकलन गरिँदै

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले क्षेत्रगत रूपमा फोहोर व्यवस्थापन गर्न तथ्यांक संकलन गरिरहेको छ । कामपाले फोहोरलाई थप प्रभावकारी रूपमा व्यवस्थापन गर्न ३२ वटा वडालाई सातवटा क्षेत्रमा विभाजन गरी सुरु गरेको तथ्यांक संकलनको काम अन्तिम चरणमा पुगेको हो ।

विभाजन गरिएका क्षेत्रको फोहोर उत्पादनको अवस्था, उत्पादनको स्रोत, उत्पादनको मात्रा, फोहोर व्यवस्थापनको प्रक्रियालगायत विषयमा तथ्यांक लिने काम अन्तिम चरणमा पुगेको कामपाको वातावरण व्यवस्थापन विभागका सिभिल इन्जिनियर रामप्रसाद नेपालले जानकारी दिए।

उनका अनुसार सातमध्ये अहिले १, २, ३, ४, ५ र ६ क्षेत्रको तथ्यांक लिने काम सकिएको छ भने क्षेत्र सातमा पर्ने भित्री वडाहरूको मात्र काम बाँकी छ । सबै वडामा तथ्यांक लिने काम सकिएसँगै सोहीअनुसार फोहोर व्यवस्थापन गर्न सुरु गरिने नेपालले जानकारी दिए ।

फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउन नयाँ व्यवस्था गर्न लागिएको विभागको भनाइ छ । प्रत्येक क्षेत्रमा एक-एकवटा 'ट्रान्फरस्टेसन' तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्यान्डफिल साइट' बञ्चरेडाँडा लगिनेछ । त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसङ्ख्याका आधारमा क्षेत्र निर्धारण गरेको इञ्जिनियर नेपालले बताए ।

अहिले कामपाको २३ स्थानीय तहमा उत्पादित फोहोर 'ल्यान्डफिल साइट' बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुका साथै फोहोरमैला संकलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहोर क्षेत्र निर्धारण गरेर व्यवस्थान गर्न लागिएको हो । यसका लागि कामपाले उत्पादकलाई फोहोर व्यवस्थापनको जिम्मा लागाउने तयारीसमेत गरेको छ ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ । हाल वडा नं ५, १०, २४, २५, २६ र २७ मा स्रोतमै फोहोर वर्गीकरण भइरहेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०४/०२ मा दर्ता भएको **प्रा. लि. नं. १९८८३३** को श्री **बाबा मर्मत सेवा प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०७९ फागुन २ गते गौरदेखि काठमाण्डौ जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।
**Name : Pappu Kumar Sah**
**Reg. No.: 782320030278**
**S.No.: 536545**
**ठेगाना : मलंगवा सर्लाही**
**सम्पर्क : ९८६०९५३३७१**

**Invitation for Seal Quatation**

# Purbichauki Rural Municipality
**Doti**
**Invitation of Bids for the Online seal Quatation**
**Date of publication: 10 January 2026 [2082-09-26]**

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic seal Quatation from the Neplese eligible bidders for the following works

| S. N. | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Estimated Amount (Without VAT) | Id Security Amount in (NRs.) | Id Document Fee in (NRs.) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | SQ/PRM/DOTI-03/082/083 | Construction of Public toilet At Saajaghat ,Shantinagar and Shree Niirbhushwori Aa.Bi Khel Maidan Nirman Purbichauki RM-1 khirsain,Doti | 75 days | 1,563,815.53 | 25,000 | 1,000 |
| 2 | SQ/PRM/DOTI-04/082/083 | Construction of Durga Bhawani Mandirko Parkhal Tatha Gherbar Nirman Purbichauki Rm 07 Doti | 75 days | 1,007,404.60 | 20,000 | 1,000 |
| 3 | SQ/PRM/DOTI-05/082/083 | Construction of Malika Mandir, Bharad Ghar Purbichauki RM-05 Doti | 75 days | 1,040,141.64 | 20,000 | 1,000 |

a. **Deadline for bid submission: 25-01- 2026 [2082/10/08] 12:00 PM**
b. **Date, time and place of bid Opening**: **25-01-2026 [2082/10/08], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.
c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011
d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675[**or may visit PPMO website www.bolpatra.gov.np.]

# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**लहान (सिरहा)**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०९/२६**

यस कार्यालयबाट मिति २०८२/०७/१९ मा राष्ट्रिय दैनिक मध्यान्ह पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय बमोजिमको Contract ID/निर्माण कार्यकोलागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतकालागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. न. | ठे.न. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट र पि.स. समेत) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | LMUN-W08-NCB-2082-83-09 | Construction of Municipal Ward Office Building at Ward No-01, Lahan, Siraha | Bhawani Construction, Lahan-21 Siraha. | 37,06,507.09 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# आलु खेतीमा जुट्यो छत्रदेव गाउँपालिका

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ पुस



अर्घाखाँचीको छत्रदेव गाउँपालिका व्यावसायिक कृषि, पशुपालन र पूर्वाधार विकासलाई मुख्य आधार मानेर समग्र विकासको बाटोमा अघि बढिरहेको छ । शिक्षा, स्वास्थ्य, सडक र खानेपानी जस्ता आधारभूत पूर्वाधारमा लगानी बढाउँदै आएको गाउँपालिकाले पछिल्लो समय पुन: कृषि क्रान्ति कार्यक्रमअन्तर्गत व्यावसायिक आलुखेतीलाई निरन्तरता दिएको छ ।

गाउँपालिकाले गत वर्षदेखि आलु उत्पादनमार्फत आन्तरिक राजस्व संकलन सुरु गरेको थियो । सो कार्यक्रम प्रभावकारी देखिएपछि यस वर्ष पनि करिब १० क्विन्टल आलुको बीउ रोपण गरिएको गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले जानकारी दिए । उनका अनुसार पालिकाले आफ्नै लगानीमा कृषि उत्पादन सुरु गर्दा यसले राजस्व वृद्धि मात्र नभई स्थानीय किसानलाई समेत प्रेरणा दिएको छ ।

छत्रदेव गाउँपालिका आलुखेतीका लागि उपयुक्त क्षेत्र मानिन्छ । यही सम्भावनालाई उपयोग गर्दै गाउँपालिकाले वडा नं. ४ स्थित फर्सुरामेश्वर गुठीको करिब २० रोपनी बाँझो जग्गा भाडामा लिएर व्यावसायिक आलुखेती सञ्चालन गरेको हो । प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनालका अनुसार लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको जग्गालाई उत्पादनशील बनाउने उद्देश्यले यो कार्यक्रम अघि बढाइएको हो ।

'गाउँपालिकाको आर्थिक उन्नति गर्न कृषि र पशुपालन नै मुख्य आधार हुन्,' खनालले भने, 'कृषि उत्पादनको राम्रो सम्भावना रहेको क्षेत्रमा आलुखेती सुरु भएपछि आन्तरिक आम्दानी बढ्ने अपेक्षा गरिएको छ ।' उनका अनुसार पालिकाले यस वर्ष लोकल जातको अर्गानिक आलु करिब १०० क्विन्टल उत्पादन गर्ने लक्ष्य राखेको छ ।

पालिकाले सञ्चालन गरेको आलुखेतीको संरक्षण, स्याहार-सम्भार र अनुगमनका लागि कर्मचारीलाई पालैपालो जिम्मेवारी दिइएको छ । यसले कार्यक्रमलाई व्यवस्थित र दिगो बनाउने विश्वास गरिएको छ ।

गाउँपालिकाले आफैं अग्रसर भएर आलु उत्पादन थालेपछि स्थानीय किसानहरू पनि व्यावसायिक आलुखेतीतर्फ आकर्षित हुने अपेक्षा गरिएको छ । अध्यक्ष श्रेष्ठका अनुसार, कृषि क्रान्तिलाई मुख्य प्राथमिकतामा राख्दै किसानलाई 'खेतीबाट पनि आम्दानी सम्भव छ' भन्ने उदाहरण प्रस्तुत गर्न २०८१ सालदेखि यो कार्यक्रम सुरु गरिएको हो । पहिलो वर्ष ९ क्विन्टल बीउ रोपण गर्दा करिब ५० क्विन्टल आलु उत्पादन भएको थियो । त्यसको सफलतापछि यस वर्ष उत्पादन दोब्बर बनाउने लक्ष्य लिइएको छ ।

स्थानीयस्तरमा पनि यस पहलको सकारात्मक प्रभाव देखिन थालेको छ । छत्रदेव-४ का युवा कृष्ण पराजुलीले गाउँपालिकाले कृषि र पशुपालनमार्फत रोजगारी सिर्जना गर्ने प्रयास थालेकोमा खुसी व्यक्त गरे । 'पालिकाले आफैं आलुखेती गरेर राम्रो उदाहरण प्रस्तुत गरेको छ,' उनले भने, 'आलु खेतीबाट राम्रै नाफा हुने अनुमान स्थानीयवासीले गरेका छन् ।'

छत्रदेव गाउँपालिकामा आन्तरिक आयस्रोत सीमित रहेकाले कृषि उत्पादनबाट राजस्व संकलन गर्ने यो प्रयासले चर्चा पाएको छ । जनप्रतिनिधि र कर्मचारी स्वयं संलग्न भएर सुरु गरिएको आलुखेती कार्यक्रमले स्थानीय आर्थिक गतिविधि बढाउने र दीर्घकालमा पालिकाको आर्थिक आत्मनिर्भरता मजबुत बनाउने अपेक्षा गरिएको छ ।

# चैनपुरमा आगलागी, झन्डै २ करोडको क्षति

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २५ पुस



बझाङको सदरमुकाम चैनपुरमा शुक्रबार बिहान आगलागी हुँदा उद्योग, होटल र पसल गरी तीन वटा व्यवसाय जलेर पूर्णरूपमा ध्वस्त भएका छन् । प्रारम्भिक विवरणअनुसार, आगलागीबाट करिब १ करोड ८१ लाख रुपैयाँबराबरको क्षति भएको छ ।

जिल्ला प्रहरी कार्यालय बझाङका अनुसार सबैभन्दा ठूलो क्षति किशोर खड्काको सुर्मा देवी सिरक डस्ना उद्योगमा पुगेको छ । उद्योगमा रहेका लत्ताकपडा, उपकरण र धनमाल करिब १ करोड ५६ लाख ६६ हजार रुपैयाँ मूल्यबराबर जलेका छन् ।

सिरक उद्योगमा सल्किएको आगो नजिकैका अन्य व्यवसायमा पनि फैलिएको थियो । यस क्रममा हरिनादेवी कठायतको विनोद होटलमा करिब १५ लाख, मेनुका खत्रीको विशाल किराना पसलमा ५ लाख र होटल तथा पसल वरिपरि रहेका अन्य व्यवसायीका सामानमा करिब ५ लाख रुपैयाँ बराबरको क्षति भएको डिएसपी खगेन्द्र धमलाले जानकारी दिएका छन् ।

प्रारम्भिक अनुसन्धान अनुसार उद्योगमा बालिएको आगो वा रुई बनाउने मेसिनमा विद्युत् सर्ट भएर आगो लागेको हुन सक्ने संकेत देखिएका छन् । डिएसपी धमलाले भने, 'ताप्न बालेको आगोबाट हो कि विद्युत् सर्टका कारण हो भन्ने अझै पुष्टि भएको छैन ।'

# कर्णालीमा ९ हजार ७ सय ४३ निर्वाचन प्रहरी माग




**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, २५ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कर्णाली प्रदेशभर ९ हजार ७ सय ४३ निर्वाचन प्रहरी माग गरिएको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनका लागि कर्णालीका १० जिल्लाका १२ निर्वाचन क्षेत्रका लागि ९ हजार ७ सय ४३ निर्वाचन प्रहरी माग गरिएको हो ।

प्रदेश प्रहरी कार्यालयका अनुसार कर्णालीका १० जिल्लामध्ये सबैभन्दा बढी सुर्खेत र सबैभन्दा कम हुम्लामा निर्वाचन प्रहरी माग गरिएको छ । प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी केदार खनालका अनुसार सबैभन्दा बढी निर्वाचन प्रहरी माग गरिएको सुर्खेतमा १ हजार ६ सय २८, दैलेखमा १ हजार ३ सय ७८, सल्यानमा १ हजार ३ सय १०, कालिकोटमा १ हजार १ सय २, जाजरकोटमा ८ सय ८६, जुम्लामा ८ सय ७८, मुगुमा ५ सय ८०, डोल्पामा ५ सय ७९, हुम्लामा ५ सय ४९ निर्वाचन प्रहरी माग गरिएको छ ।

सूचना अधिकारी खनालका अनुसार निर्वाचन प्रहरीका लागि पुस २५ गते शुक्रबारदेखि माघ १ गतेसम्म सार्वजनिक बिदाको दिनसमेत सम्बन्धित जिल्लाका जिल्ला प्रहरी कार्यालयमा दरखास्त बुझाउन सकिने छ ।

सरकारले स्वीकृत गरेको मापदण्डअनुसार देशभर निर्वाचन सुरक्षाका लागि कुल १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना गरिनेछ । तीमध्ये नेपाल प्रहरी मातहत १ लाख ३३ हजार ९ सय ८० जना र सशस्त्र प्रहरी बल (एपिएफ) मातहत रहने गरी परिचालन गरिने गृह मन्त्रालयले जनाएको छ ।

डोल्पासँगै अर्को कर्णालीको हिमाली जिल्ला हुम्लामा पनि निर्वाचन सुरक्षालाई प्राथमिकतामा राख्दै नेपाल प्रहरी मातहत ५ सय ४९ जना र सशस्त्र प्रहरी बल मातहत ४५ जना निर्वाचन प्रहरी माग गरिएको छ ।

सरकारले तोकेको मापदण्डअनुसार भर्ना हुने निर्वाचन प्रहरीले १० दिन तालिम र ३० दिन कार्यस्थलमा सेवा गर्नेछन् । उनीहरूलाई नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका जवानले पाउने आधारभूत तलबमानअनुसार तलब, पोसाक र अन्य सेवासुविधा उपलब्ध गराइनेछ । रासन सुविधा भने सम्बन्धित जिल्लाको दररेटअनुसार प्रदान गरिने गृह मन्त्रालयले जनाएको छ ।

त्यस्तै, निर्वाचन प्रहरी छनोटपछि आउने-जाने तयारी खर्चबापत प्रतिव्यक्ति ८ सय ४६ रुपैयाँ, चार दिनको खाजा खर्च एकमुष्ट १ हजार २ सय रुपैयाँ दिइने व्यवस्था गरिएको छ । तलब, रासन र पोसाकबापतको रकम सम्बन्धित व्यक्तिको बैंक खातामै उपलब्ध गराइनेछ ।

पोसाक भत्ता हिमाल, पहाड र तराई/मधेश क्षेत्रअनुसार फरक-फरक हुने उल्लेख छ । नेपाल प्रहरी मातहत खटिने निर्वाचन प्रहरीका लागि निलो डांग्री कपडा र टोपी तथा सशस्त्र प्रहरी मातहत खटिनेका लागि सशस्त्र प्रहरीको पोसाकसँग मिल्दोजुल्दो कपडा र टोपी अनिवार्य गरिएको छ ।

# जाजरकोटमा जिप दुर्घटना, दुई जनाको मृत्यु



**सुर्खेत/मस-** जाजरकोटको छेडागाड नगरपालिका-८ बाहार्नाखोलामा जिप दुर्घटना हुँदा शुक्रबार बिहान दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

छेडागाड-८ बाहार्नाखोलास्थित भित्री सडकमा छेडागाड नगरपालिका-९ पजारुबाट थलहतर्फ आउँदै गरेको कर्णाली प्रदेश ०२-००१ च १३२७ नं. को बोलेरो जिप ब्रेक फेल भई सडकबाट १५० मिटर तल खस्दा दुई जनाको मृत्यु तथा चार जना घाइते भएको प्रहरीले जनाएको छ ।

छेडागाड नगरपालिका-९ पजारुका ७० वर्षीया नन्दकला अधिकारी, २८ वर्षीय राजु अधिकारीको घटनास्थलमै मृत्यु भएको जाजरकोटका प्रहरी प्रमुख वसन्तकुमार शर्माले जानकारी दिए ।

घाइते हुनेहरूमा छेडागाड-९ का २४ वर्षीय कृष्ण अधिकारी, वडा नं. ८ की २० वर्षीया लक्ष्मी खत्री, वडा नं. ९ का ३९ वर्षीय बीरबहादुर रोकाय, दैलेख नौमुले गाउँपालिका-६ का २३ वर्षीया शीतला रावत छन् । घाइतेको छेडागाड नगर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

**कुवेतमा रोजगार**
कम्पनी: EBTESAM CHIC LADIES SALON — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ — चलानी नं.: ६०२५०४११ — LT. No.: 336839

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ७०,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 5 | | 150 | ७०,५५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**कुवेतमा रोजगार**
कम्पनी: MONTROSE HOTEL COMPANY KUWAIT — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ — चलानी नं.: ६०२५०४०५ — LT. No.: 336838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounting Clerk | 3 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७०५५२ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Bellman | 15 | 0 | | 120 | ५६४४२ | | | | | | | |
| 3. | Butcher General | 4 | 0 | | 200 | ९४०७० | | | | | | | |
| 4. | Commis 1 Pastry | 3 | 3 | | 150 | ७०५५२ | | | | | | | |
| 5. | Cook Commis 1 | 5 | 5 | | 150 | ७०५५२ | | | | | | | |
| 6. | Cook Helper | 5 | 5 | | 100 | ४७०३५ | | | | | | | |
| 7. | Electrician/technician | 5 | 0 | | 150 | ७०५५२ | | | | | | | |
| 8. | Guest Service Agent | 4 | 4 | | 150 | ७०५५२ | | | | | | | |
| 9. | Hk Office Coordinator | 0 | 3 | | 150 | ७०५५२ | | | | | | | |
| 10. | Hostess | 0 | 6 | | 150 | ७०५५२ | | | | | | | |
| 11. | Housekeeping Attendants | 10 | 10 | | 120 | ५६४४२ | | | | | | | |
| 12. | Housekeeping Supervisor | 5 | 5 | | 175 | ८२३११ | | | | | | | |
| 13. | Laundry Attendant | 5 | 5 | | 120 | ५६४४२ | | | | | | | |
| 14. | Maintenance Helper | 8 | 0 | | 130 | ६११४५ | | | | | | | |
| 15. | Mason General | 5 | 0 | | 150 | ७०५५२ | | | | | | | |
| 16. | Office Secretary (Female) | 0 | 6 | | 175 | ८२३११ | | | | | | | |
| 17. | Plumber | 5 | 0 | | 150 | ७०५५२ | | | | | | | |
| 18. | Receptionist | 6 | 6 | | 150 | ७०५५२ | | | | | | | |
| 19. | Reservation Agent | 4 | 4 | | 150 | ७०५५२ | | | | | | | |
| 20. | Restaurant Captain | 5 | 5 | | 150 | ७०५५२ | | | | | | | |
| 21. | Restaurant Manager | 4 | 4 | | 275 | १२९३४६ | | | | | | | |
| 22. | Restaurant Supervisor | 5 | 5 | | 180 | ८४६६३ | | | | | | | |
| 23. | Stewarding | 15 | 0 | | 100 | ४७०३५ | | | | | | | |
| 24. | Tailor | 2 | 0 | | 175 | ८२३११ | | | | | | | |
| 25. | Waiter/waitress | 12 | 12 | | 120 | ५६४४२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

**कुवेतमा रोजगार**
कम्पनी: ARAB HARVEST GENERAL TRADING & CONTRACTING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ — चलानी नं.: ६०२५०३७३ — L.T. No.: 336843

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 4 | 0 | सम्बन्धित काममा दक्ष | 115 | ५४,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 11 | 0 | | 200 | ९४,०७० | | | | | | | |
| 3. | Labour | 10 | 0 | | 95 | ४४,६८३ | | | | | | | |
| 4. | Light Vehicle Driver | 2 | 0 | | 150 | ७०,५५२ | | | | | | | |
| 5. | SECRETARY | 0 | 2 | | 200 | ९४,०७० | | | | | | | |
| 6. | Structure Fitter | 5 | 0 | | 115 | ५४,०९० | | | | | | | |
| 7. | Tig/Mig/Arc Welders | 10 | 0 | | 125 | ५८,७९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

VOLTECH HUMAN RESOURCE PVT. LTD.
Gov. Lic No. 1799/082/083
P.O. Box: 19845, Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-5928510, +977-1-4372222
E-mail: voltechhumanresources@gmail.com, Website: www.voltechhr.com

**युएईमा रोजगार**
कम्पनी: EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C.-DUBAI BRANCH — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/06/03 — चलानी नं.: ६०२४५०५५ — LT. No.: 331154 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 128 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners/Housekeeping | 0 | 3 | | 1000 | ३९,१३० | | | | | | | |
| 3. | Office Boy | 34 | 0 | | 1200 | ४६,९५६ | | | | | | | |
| 4. | Office Boy/ Messenger | 17 | 0 | | 1200 | ४६,९५६ | | | | | | | |
| 5. | Porter/helper | 10 | 0 | | 1000 | ३९,१३० | | | | | | | |
| 6. | Storekeeper/Merchandiser | 8 | 0 | | 1500 | ५८,६९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Well Growing Recruitment (P.) Ltd.
श्रम इजाजत न. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
| www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199

**UAE मा रोजगार**
कम्पनी: GLOBE BUILDING CONTRACTING L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०४/२१ — चलानी नं.: ६०२२३०५५ — LT. No.: 308346 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,९५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 3 | 0 | | 1200 | ४६,९५६ | | | | | | | |
| 3. | Carpenter(Shuttering) | 7 | 0 | | 1200 | ४६,९५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ४ गते (18 January 2026) मा हुनेछ ।

कम्पनी: FALCON PACK L.L.C. — शहर: UAE,SHARJAH
पूर्व स्वीकृत मिति: २०८१/११/१९ — चलानी नं.: ६०२३३९०४ — LT. No.: 319660 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stevedore Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३१,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Operators | 18 | 0 | | 1500 | ५८,६९५ | | | | | | | |
| 3. | Cleaners Male | 15 | 0 | | 800 | ३१,३०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Support Human Resources Pvt. Ltd.
(Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६
Phone No : 9707089500 / 9802070424 / 9702599999

**साउदीमा रोजगार**
कम्पनी: NADER MAHMOUD ISMAIL ZAKAI EST. FOR CONTRACTING EST. — शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०३५३ — L.T. No.: 336782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaners | 20 | 0 | स. काममा दक्ष | 2500 | ९५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

दि गोर्खा रि-इम्प्लाईमेन्ट प्रा. लि.
बसुन्धारा तिलिङटार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल, फोन: ०१-५९०३०५३, ५९०३०५५
E-mail: tgurkha2019@gmail.com "COMPLETE MANPOWER SOLUTIONS"

**MALAYSIA मा रोजगार**
कम्पनी: FAR EAST PACKAGING IND. SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०३५१ — LT. No.:336693

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 8 | 0 | स. काममा दक्ष | 1700 | ६०,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

"One Team, One Dream"
BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Nepal, Tel: 01- 4422477, 01- 4423477, Fax: 4423477
Email: managementbigyanhr@gmail.com, Website: www.bigyanhr.com

**साउदीमा रोजगार**
कम्पनी : QUALITY CARE CARS SERVICES EST — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०४२६ — L.T. No.: 336822

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKSHOP WORKER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

K L Employment Service (P) Ltd.
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**युएईमा रोजगार**
कम्पनी : INTEGRATED PARKING SERVICES LLC — शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ — चलानी नं.: ६०२५०३७८ — LT. No.:336892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticket Collector | 74 | 0 | स. काममा दक्ष | 1500 | ५८,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Leading Manpower Recruitment Services Pvt.Ltd.
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370906, Email: leadingmanpower.recruitnepal@gmail.com

**युएईमा रोजगार**
कम्पनी: EMPOWER EMPLOYMENT SERVICES L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०४२८ — L.T. No.: 336820

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labourers | 50 | 0 | स. काममा दक्ष | 1000 | ३९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१, Mobile No: 9851040960 | 9851017534 | 9851180954
Drop your CV at Poc@lifelineoverseas.com

**युएईमा रोजगार**
कम्पनी: : AASA MIDDLE EAST CONTRACTING CO LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/०५ — चलानी नं.: ६०२४३६५७ — LT. No.:329833 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rope Access Cleaners (Level 1) | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ७०,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 2) | 25 | 0 | | 3000 | १,१७,३९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

LINK STAR MANPOWER SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, 9816935532, 9851359348, 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

**साउदीमा रोजगार**
कम्पनी: Ahmed Bin Abdullah Masoud Industrial Services Company — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०९/२५ — चलानी नं.: ६०२५०४२७ — LT. No.: 336825

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light Bus Van | 1 | 0 | | 1500 | ५७,४९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ३ गते (17 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

मेनपावर लिंक प्रा. लि.
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७७६७६, Email: info@manpowerlink.com

